# लेखापरीक्षण प्रतिवेदन

## व्यास नगरपालिका, तनहुँ

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# व्यास नगरपालिका, तनहुँ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/400

श्रीमान् प्रमुख ज्यू,
व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/400

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्रीमान् प्रमुखज्यू,
व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ।

## १. कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पालिकाबाट पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय व्यय तर्फ रु. ३ अर्ब १९ करोड ६१ लाख ९५ हजारको लेखापरीक्षण गरिएकोमा रु. १० करोड ७३ लाख ९३ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. १ करोड १९ लाख ११ हजारको सम्परीक्षण भई असुल गर्नुपर्ने रु. १ करोड ४५ लाख ९५ हजार, नियमित गर्नुपर्ने रु. ५ करोड ५२ लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. २ करोड २० लाख १६ हजार र पेस्की बाँकी रु. ३६ लाख ६२ हजार समेत यस वर्षको बाँकी बेरुजु रु. ९ करोड ५४ लाख ८२ हजार (लेखापरीक्षण अङ्कको २.९९ प्रतिशत) रहेको छ। गत वर्षसम्म रु. ४९ करोड ५३ लाख ४२ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रू. ५ लाख ५० हजारको सम्परीक्षण भई यस वर्षको थप समेत हालसम्मको अद्यावधिक बाँकी कुल बेरुजु रु. ५९ करोड २ लाख ७४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता राख्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

## ३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६३ | १३७ | १०,७३,९३,३७१ | ० | ८ | १,१९,१०,९०० | ० | ६३ | १२९ | ९,५४,८२,४७१ | १,४५,९५,४९३ | ५,५२,०८,८७३ | २,२०,१५,८३७ | ० | ० | ७,७२,२४,७१० | ३६,६२,२६८ |

### अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | ४९,५३,४१,९६१ | ० | ५,५०,००० | ४९,४७,९१,९६१ | 0 | ९,५४,८२,४७१ | ५९,०२,७४,४३२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको बेहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | ३० | पेश्की बाँकीः | २०,७२,००० |
| २ | २०८१/८२ | ३५ | नदीजन्य प्राकृतिक श्रोत (ढुङ्गा गिटी बालुवा) उत्खनन तथा बिक्रीः | ९८,३८,९०० |
| | | | **जम्मा** | **१,१९,१०,९००** |
| **गत विगत आर्थिक वर्षको सम्परीक्षण** | | | | |
| ३ | २०८०/८१ | - | नेपाल शहरी शासकिय तथा पूर्वाधार आयोजना (NUGIP) कार्यक्रम नेपाल शहरी शासकिय तथा पूर्वाधार आयोजना (NUGIP) कार्यक्रम : | ५,५०,००० |
| | | | **जम्मा** | **५,५०,०००** |
| | | | **कुल जम्मा** | **१,२४,६०,९००** |

# व्यास नगरपालिका, तनहुँ

# ( ८०४३८४०३३०० )

# ब्यास नगरपालिका , तनहुँ

# परिचय

१ **परिचयः**

**क) कार्यालय परिचय:-** देशमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पश्चात दमौली गा.वि.स.र स्याम्घा गा.वि.स.को केही क्षेत्रलाई समेटेर २०४८ सालमा व्यास नगरपालकाको नामाकरण गरीको हो । नेपाल सरकार मन्त्री परिषद्को मिति २०७१ मार्ग १६ गतेको को निर्णयानुसार पोखरीभन्ज्याङ गा.वि.स.लाई यस नगरपालिकामा गाभिएको थियो भने नेपाल सरकारको २०७३ फागुन २७ गते नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार स्याम्घा र क्यामिन गा.वि.स.को सम्पूर्ण भाग, तनुहँसुर गा.वि.स.को वडा नं.४–९, केशवटार गा.वि.स.को वडा नं. २–७, घाँसीकुवा गा.वि.स.को वडा नं.२–८, रिस्ती गा.वि.स.को वडा नं.१–५, ७–९ र सतिस्वाँरा गा.वि.स.को वडा नं.६–९ का वडाहरुलाई समावेश गरी व्यास नगरपालिका नगर कार्यापालिकाको कार्यालय नामाकरण गरी संघीय संरचना अनुसार पुर्नगठन गरिएको छ । कुल २४८ वर्ग कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकालाई १४ वटा वडामा विभाजन गरिएको छ । वि.सं. २०७८ सालको राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको जनसंख्या ७८९३९ रहेको छ जसमा पुरुष ३६१५७ र महिला ४२७८२ रहेका छन । प्रतिनिधी सभा निर्वाचनको लागी २ वटा निर्वाचन क्षेत्र रहेकोमा जिल्ला सदरमुकाम समेत रहेको यो पालिका तनहुँ १ नं निर्वाचन क्षेत्रमा पर्दछ भने वि.सं. २०७९ को स्थानीय तह निर्वाचन अनुसार कुल ७५ जना सभा सदस्य निर्वाचित भएका छन ।

**ख) लेखापरीक्षणको उद्देश्य:-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

**ग) लेखापरीक्षणको क्षेत्र र अवधि:-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।१९ देखि २०८२।०८।२४ सम्म रहेको छ।

**घ) लेखापरीक्षण विधि:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**ङ) लेखापरीक्षणको सीमा:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न

भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**च) आर्थिक कारोबारको स्थिति:-** यस वर्ष पालिकाको आय तर्फ रु. ३ अर्ब १९ करोड ६१ लाख ९५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छन्।

**ज) लेखापरीक्षणको क्रममा असुली:-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५५,९५,९९३.४८ असुल भई दाखिला गरेको प्रमाण पेश भएको छ।

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | उत्तर प्रसुती भेटघाट कार्यक्रम बापत बढी भुक्तानी भएको रकम असुल भई दाखिला गरेको प्रमाण पेस | ३०००.०० |
| २ | तलब भत्ता भुक्तानीमा ग्रेड बापत बढी भुक्तानी भएको रकम असुल भई दाखिला गरेको प्रमाण पेस। | ३३६२.०० |
| ३ | छात्रवृत्ति बपत विद्यालयलाई निकासा भएको रकम वितरण नभएकोमा असुल भई दाखिला गरेको प्रमाण पेस | २०००.०० |
| ४ | छात्रवृत्ति बपत विद्यालयलाई निकासा भएको रकम वितरण नभएकोमा असुल भई दाखिला गरेको प्रमाण पेस। | २४००.०० |
| ५ | पार्टिशनको कामको बढी भुक्तानी भएको रकम असुल भई दाखिला गरेको प्रमाण पेस | ३०२३.०० |
| ६ | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत निकासा भएको रकम खर्च नभई बाँकी रहेकोमा दुई विद्यालयबाट असुल भई दाखिला गरेको प्रमाण पेस | ८७३४२.०० |
| ७ | दिवा खाजा कार्यक्रम अनुदान बापत बढी निकासा भएको रकम दुई विद्यालयबाट असुल भई दाखिला गरेको प्रमाण पेस | ११४२०.०० |
| ८ | उठ्न बाँकी बहाल बिटौरी शुल्क सम्बन्धितबाट असुल भई दाखिला गरेको प्रमाण पेस। | ८५५०६.८८ |
| ९ | दुई वटा विद्यालयमा शिक्षक कर्मचारीको तलब भत्ता बढी निकासा भएकोमा सम्बन्धितबाट असुल भई दाखिला गरेको प्रमाण पेस | ३१७२८.६० |
| १० | आन्तरिक स्रोतबाट हुनुपर्ने खर्च संघीय सशर्त बजेटबाट र संघीय सञ्चित कोष फिर्ता हुनुपर्ने रकम स्थानीय सञ्चित कोषमा जम्मा भएकोमा सो रकम स्थानीय सञ्चित कोषबाट संघीय सञ्चित कोष फिर्ता गरिएको प्रमाण पेस। | २५८७५२.०० |
| ११ | सामाजिक सुरक्षा भत्ता बापत निकासा भएको तर वितरण नभई बाँकी रहेको रकम विगत वर्ष देखी संघीय संचितकोष फिर्ता नगरी पालिकाकै विविध कोषमा जम्मा गर्ने गरेको साथै आर्थिक वर्ष २०८१/८२ मा समेत विविध खर्च खातामै आम्दानी बाँधिएको रकम सो कोषबाट संघीय सञ्चित कोष फिर्ता गरिएको प्रमाण पेस। | ५०२१८२१.०० |
| १२ | दोहोरो हुनेगरी भुक्तानी भएको बैठक भत्ता बापतको रकम सम्बन्धितबाट असुल भई दाखिला गरेको प्रमाण पेस। | ६८००.०० |
| १३ | उठ्न बाँकी बहाल विटौरी शुल्क बापतको रकम सम्बन्धितबाट असुल भई दाखिला गरेको प्रमाण पेस। [भरत परियार] | ७८८३८.०० |
| | **जम्मा** | ५५९५९९३.४८ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा देखिएका बेहोरा निम्न छन्।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पतिको संरक्षण गर्नुपर्ने र त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राख्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको,

• कतिपय अवस्थामा भ्रमण अभिलेख नै नराखी भ्रमण जाने गरेको देखिएको,

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता नराखेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँ भन्दा बढीको खरिद गर्नु पर्ने भएमा आगामी आ.व.को लागि अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा खरिद योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै पनि कारबाही नभएको,

• पालिकाबाट सञ्चालन भएका विभिन्न आयोजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार मान्यता प्राप्त हुने गरी दर्ता वा अद्यावधिक नवीकरण भएको सम्बन्धमा कुनै पनि अभिलेख नराखेको,

• सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८(४) बमोजिम नगदै प्राप्त भएको राजस्व रकम दैनिक रुपमा बैङ्क खातामा दाखिला गर्नुपर्नेमा नियमावलीको उक्त व्यवस्था पालना नभएको,

• बेरुजुको अद्यावधिक लगतका लागि म.ले.प. फारामको व्यवस्था गरिएको म.ले.प. फाराम नं. ८०१ देखि ८०५ सम्मका म.ले.प. फाराम मध्ये पालिकासँग सम्बन्धित फाराममा तोकिए बमोजिम बेरुजुको अभिलेख नराखेको,

• पालिकाको विभिन्न शाखा र वडा कार्यालयमा रहेका जिन्सी सामानको एकीकृत विवरण तथा जिन्सी खाता अद्यावधिक नगरेको तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम मालसामानको मर्मत तथा लिलाम नगरेको,

• कर्मचारीलाई कुनै पदमा पदस्थापन गर्दा निजामती सेवा ऐन, २०४९ को दफा ५ बमोजिम त्यस्तो पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटान गरिएको कार्य विवरण र सो कार्यविवरण अनुसारको कामको मूल्याङ्कन गर्ने सूचकाङ्क समेत उपलब्ध गराउनुपर्नेमा नगरेको,

• पालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार नगरेको कारण गत विगतका पेश्की तथा बेरुजु हराउने वा छुट्न सक्ने देखिएको,

उपरोक्त बुँदाहरु समेतलाई ध्यान दिई पालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ गर्नुपर्दछ।

## ३ आर्थिक कारोबारको एकीकृत विवरणः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तपशिल बमोजिम रहेको छ।

| व्यास नगरपालिका, तनहुँ | | | | | |
|---|---|---|---|---|---|
| आर्थिक वर्ष २०८१/०८२ | | | | | |
| आर्थिक कारोबारको एकीकृत विवरण | | | | | |
| प्राप्ति | | | भुक्तानी | | |
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **सुरु मौज्दात** | | १६५२५२७२६.९२ | **चालु खर्च** | | ८६१९३५७२६ |
| १.संचित कोष | ८१२७१३२१.८४ | | १. पालिका तर्फ | ३२८१५८९५२.३ | |
| २.धरौटी | २१५३७४६८.५८ | | २. संघीय सशर्त | ५३३७७६७७३.७ | |
| ३.कार्यसञ्चालन कोष | ४२१४५०६७.४६ | | ३. संघीय विशेष | | |
| ४. अन्य कोष तथा खाता (आकस्मिक कोष/प्रकोप/विविध खर्च) | २०२९८८६९.०४ | | सडक बोर्ड नेपाल सहभागिता रकम | | २७६६७२७.६३ |
| **यस वर्षको आय** | | | ५. प्रदेश विशेष | | |
| **१.आन्तरिक आय** | २१४६५५२८०.२० | २१४६५५२८०.२० | **पुँजीगत खर्च** | | ३८६०६९३६३.६ |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | | १. पालिका तर्फ | ३०२१८६९३४.६ | |
| क) समानीकरण अनुदान | १६५९९३८४० | ९२३२७७६६०.२ | २. संघीय सशर्त | ७५२१०९९८ | |
| ख) राजस्व बाँडफाँट | १४६०५३२५७.५ | | ३. संघीय विशेष | | |
| ग) सशर्त अनुदान | ६०८९८७७७१.७ | | ४. संघीय समपुरक | १२४८२६५ | |
| घ) समपुरक अनुदान | १२४८२६५ | | ५. प्रदेश सशर्त | | |
| ङ) विशेष अनुदान | | | ६. प्रदेश विशेष | ३३६९२६६ | |
| च) रोयल्टी | ९९४५२६.०४ | | ७. प्रदेश समपुरक | ४०५३९०० | |
| छ) अन्य | | | **अन्तर सरकारी अख्तियारी (संघ)** | | ३१३९००३७९ |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | ५५७८९१६१.४८ | क) सामाजिक सुरक्षा | ३१११२३००२ | |
| क) समानीकरण अनुदान | २५९०८००० | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २७७७३७७ | |
| ख) राजस्व बाँडफाँट | २२४५७९९५.४८ | | .............. | | |
| ग) सशर्त अनुदान | | | **अन्तर सरकारी अख्तियारी** | १५०००० | १५०००० |
| घ) समपुरक अनुदान | ४०५३९०० | | **ऋण फिर्ता (साँवा)** | | |
| ङ) विशेष अनुदान | ३३६९२६६ | | **ऋणको ब्याज भुक्तानी** | | |
| च) रोयल्टी | | | **धरौटी फिर्ता तथा सदर स्याहा** | १२८३७५८३.८५ | १२८३७५८३.८५ |
| छ) अन्य | | | **कार्यसञ्चालन कोषबाट भएको** | ४८९२०१०१.०४ | ४८९२०१०१.०४ |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | ३१३९००३७९ | **अनुदान फिर्ता** | | |
| क) सामाजिक सुरक्षा | ३१११२३००२ | | **१. संघ तर्फ** | | |
| ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २७७७३७७ | | क) सशर्त अनुदान चालु | ४८८९१६९०.७३ | |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | | ख) सशर्त अनुदान पुजिँगत | २१००१ | |
| उर्जा जलश्रोत तथा खानेपानी | १५०००० | १५०००० | **२. प्रदेश तर्फ** | | |
| **६. ऋण/ वित्तीय व्यवस्था** | १५३५०५२९ | १५३५०५२९ | क) सशर्त अनुदान | | |
| **७. धरौटी आय** | १२३८६२४२.३१ | १२३८६२४२.३१ | ख) विशेष अनुदान | ३४१०३४ | |
| **८. कार्यसञ्चालन कोष आय** | २७८२२४३६.१६ | २७८२२४३६.१६ | ग) समपुरक अनुदान | | |
| | | | **अन्तिम मौज्दात** | | १०८२८८०५४.२ |
| **११.सडक बोर्ड नेपाल** | ६२८३५२० | ६२८३५२० | १. संचित कोषको मौज्दात | ४५८५५६५५.५२ | |
| | | | २. धरौटी | २१०८६१२७.०४ | |
| | | | ३. कार्यसञ्चालनकोष | ३०७९८५९७.८३ | |
| | | | ४. अन्यकोष विविध खर्च खाता | १०५४७६७३.७९ | |
| **जम्मा** | | १७३४८६७९३५.२९ | **जम्मा** | | १७३४८६७९३५.२९ |

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ।

पालिकाको आर्थिक कारोबारको एकीकृत विवरण सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न अनुसार छन्।

३.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्र मार्फत सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा. नं. २७०, २७२ र २७५) तयार गर्नुपर्दछ। पालिकाले यस वर्ष संघ तथा प्रदेश सरकारबाट बजेट प्राप्त अन्तरसरकारी हस्तान्तरण अन्तर्गतका तपशिल बमोजिम रू. ३१ करोड ४० लाख ५० हजारको कारोबारको सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।

| सुत्रमा लेखाङ्कन नभएको अन्तरसरकारी अनुदान प्राप्त बजेटको विनियोजन र CGAS मार्फत भएको खर्चको विवरणः | | | | |
|---|---|---|---|---|
| क.सं. | कार्यक्रमको नाम | विनियोजन रु. | खर्च रु. | कैफियत |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ३११५५६८००. | ३१११२३००२. | संघीय सरकार |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३३१७०००. | २७७७३७७. | संघीय सरकार |
| ३ | ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय | १५००००. | १५००००. | प्रदेश सरकार |
| | जम्मा रकम रु. | ३१५०२३८००. | ३१४०५०३७९. | |

३.२ **खर्च विश्लेषणः** पालिकाले यस वर्ष गत वर्षको बाँकी मौज्दात रु. १६,५२,५२,७२६.९२, आन्तिरक आयबाट रु. २१,४६,५५,२८०.२०, राजस्व बाँडफाँड र विभिन्न अनुदान (अन्य आय र अन्तरसरकारी हस्तान्तरण समेत) बाट रु. १,३५,४९,५९,९२८.०० गरी जम्मा रु. १,७३,४८,६७,९३५.२९ आम्दानी प्राप्त गरेकोमा चालु तर्फ रु. ८६,१९,३५,७२६.००, पुँजीगत तर्फ रु. ३८,६०,६९,३६३.६० र अन्य खर्च रु. ३७,८५,७४,७९१.५० समेत रु. १६२,६५,७९,८८१.०० खर्च भएको छ। कुल खर्चमा पालिकाको आन्तरिक आयको हिस्सा १३.२० प्रतिशत मात्र रहेको छ। यस वर्ष पदाधिकारी सुविधामा रु. १७३००००००.०० खर्च भएको छ जुन आन्तरिक आयको ८.०६ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै समानीकरण अनुदान र राजस्व बाँडफाँटको कुल रकम रु. ३६,०४,१३,०९३.०० बाट चालु खर्चको लागि ४१.८१ प्रतिशत मात्रै स्रोत पुग्ने देखिन्छ भने पालिकाले प्राप्त गरेको सबै समानीकरण अनुदान र राजस्व बाँडफाँटको कुल रकमको तुलनामा १०७.१२ प्रतिशत पुँजीगत खर्च भएको देखिन्छ। यसबाट पालिकाको चालु प्रकृतिका प्रशासनिक कार्यक्रममा पुँजीगत खर्चको तुलनामा दोब्बर भन्दा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकमका साथै आन्तरिक स्रोतको अधिकतम रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

**(विस्तृत विवरण बेरुजु दफा ३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.३ **मौज्दातको अवस्थाः** पालिकाको सञ्चित कोषको मौज्दातले यसको आर्थिक अवस्थालाई दर्शाउँदछ। आर्थिक वर्ष ०७९।८० मा पालिकाको सञ्चित कोषको अन्तिम मौज्दात रु. ८,३६,२८,८४८.४३ रहेकोमा ०८०/८१ मा रू. ८,१२,७१,३२१.८४ र ०८१/८२ मा रु. ४,५८,५५,६५५.५२ रहेको छ। पछिल्लो तीन आर्थिक वर्षमा पालिकाको सञ्चित कोषको मौज्दात करिब रु.३ करोड ७७ लाखले घटेको देखियो। पालिकाले बजेट बिनियोजन गर्दा मौज्दात रकमबाट खर्च गर्ने गरी समेत कार्यक्रम थप गरेको कारण मौज्दात घट्दै गएको देखिन्छ। सञ्चित कोषको मौज्दातको न्यूनतम रकम आर्थिक संकटको समयमा उपयोगको लागि जगेडाको रुपमा रहने गरी वास्तविक सालबसाली आम्दानीका आधारमा खर्च गर्ने गरी वार्षिक बजेट विनियोजन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| पछिल्लो तीन आर्थिक वर्षको सञ्चित कोषको अन्तिम मौज्दात विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | आर्थिक वर्ष | मौज्दात रु. | कैफियत |
| १ | ०७९।८० | ८,३६,२८,८४८.४३ | सञ्चित कोष घट्दै गएको |
| २ | ०८०।८१ | ८,१२,७१,३२१.८४ | |
| ३ | ०८१।८२ | ४,५८,५५,६५५.५२ | |

४ **बजेट व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।०३।०७ मा रु. २ अर्ब १० करोड ६५ लाख ४३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।२७ मा पारित भएको छ। यसैगरी पालिकाका अध्यक्षले मिति २०८१।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

५ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास क्षेत्र | ४२६२५००० | २६९७३१८१ | ६३.२८% |
| २ | सामाजिक विकास क्षेत्र | ७१६८७८२१० | ६१२००८७७२ | ८५.३७% |
| ३ | पूर्वाधार विकास क्षेत्र | १०३८०७०६०० | ३४७४२६५८५ | ३३.४७% |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २३४६९०९० | १६९६८७९० | ७२.३०% |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र | २८५५००१०० | २४७३२११५५ | ८६.६३% |
| | कुल जम्मा | २१०६५४३००० | १२५०६९८४८४ | ५९.३७% |

६ **आयोजनाको प्राथमिकीकरण :**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका लागि गरिबी निवारण, उत्पादनमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी दिगो विकास, वातावरण संरक्षण र भाषिक तथा सांस्कृतिक विकास लगायतका आधारहरू उल्लेख गरेको छ। स्थानीय तहले सोही अनुसार प्राथमिकताको आधारमा आयोजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार १०४७ आयोजनामा बजेट विनियोजन गरेको छ।

| क्र.सं. | आयोजनाको विवरण | संख्या | रकम रु. |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमका | ३०५ | १,२४,६५,०९० |
| २ | रु. १ लाख देखि ५ लाखसम्मका | ५७२ | ११,७७,२९,२४९ |
| ३ | रु. ५ लाख देखि २० लाखसम्मका | १४८ | ११,४३,१६,३६१ |
| ४ | रु. २० लाख देखि ५० लाख सम्मका | ६ | १,६०,८२,१७८ |
| ५ | रु. ५० लाख भन्दा माथिका | १६ | ५७,८०,५५,१०० |
| | जम्मा | १०४७ | ८३८६४७९७८ |

उपर्युक्त विवरणअनुसार पालिकाले अधिकतर साना र वितरणमुखी आयोजनाहरु सञ्चालन गरेको देखिन्छ। स्थानीय स्तरमा समुदायको आवश्यकताको आधारमा साना आयोजनाहरु सञ्चालन गर्दा सञ्चालित आयोजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त हुनुका साथै लागत प्रभावी हुने तथा निर्माण कार्यको गुणस्तर समेत कायम हुने गरी सञ्चालन गर्नुपर्दछ। वस्तुनिष्ठ तवरले आयोजनाको प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

७ **त्रैमासिक पुँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष पालिकाको त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| नगरपालिका पुंजीगत | ३०२१८६९३५ | ३१७६५८१३ | ३९८४८२०३ | ६६०२६२९१ | १६४५४६६२८ | ८७५४४३०५ |
| सडक बोर्डबाट हस्तान्तरित | २६९३३९४ | 0 | 0 | 0 | २६९३३९४ | २६९३३९४ |
| संघबाट हस्तान्तरित | ७६४५९२६३ | १४२९८३४६ | १९२७३८१७ | १३७४९०६३ | २९१३८०३७ | २९१३८०३७ |
| प्रदेशबाट हस्तान्तरित | ७४२३१६६ | ० | ११७२६०० | ० | ६२५०५६६ | ४४२३१६६ |
| **जम्मा खर्च** | ३८८७६२७५८ | ४६०६४१५९ | ६०२९४६२० | ७९७७५३५४ | २०२६२८६२५ | १२३७९८९०२ |
| **खर्च प्रतिशत** | **१००%** | **१२%** | **१५%** | **२१%** | **५२%** | **३२%** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.३८८७६२७५७.६ पुँजिगत खर्चको निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ४६०६४१५९ (१२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ६०२९४६१९.६८ (१५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ७९७७५३५३.५(२१ प्रतिशत) र चौथो त्रैमासिकमा रु. २०२६२८६२५ (५२ प्रतिशत) खर्च गरेको देखिएको छ। पालिकाले आषाढ महिनामा मात्र रु. १२३७९८९०२ (३२ प्रतिशत) खर्च गरेको देखिँदा आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप कार्यक्रम कार्यान्वियन गरी आर्थिक वर्षको अन्त्यमा आएर अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

८ **अबण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय/व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विभिन्न शिर्षकमा एकमुष्ट रुपमा अबण्डा बजेट विनियोजन गरी कार्यपालिको निर्णयबाट तपशिल बमोजिम रु. ८३ करोड ९६ लाख खर्च लेखेको छ। यसरी बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रचलनमा नियन्त्रण हुनुपर्दछ।

| अबण्डा बजेट र प्रमुख खर्चका विवरणहरु | | | | |
|---|---|---|---|---|
| क्र.सं. | अबण्डा बजेटबाट खर्च विवरण | बजेट रु. | खर्च रु. | कैफियत |
| १ | विविध फुटकर योजना | ४१०००००० | ४०७६०७४ | ५८ भौचरबाट खर्च |
| २ | विविध फुटकर योजना | २०००००० | १९९७२६४ | २१ भौचरबाट खर्च |
| ३ | नगरपालिकाका विपन्नहरुको लागि घर आवास सहयोग कार्यक्रम | ३५००००० | २३२३००० | का. पा . निर्णयले पटकपटक खर्च |
| | जम्मा रु. | ९६००००० | ८३९६३३८ | |

९ **पशुजन्य औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ अनुसार सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी गराई स्वीकृत वा अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने र त्यस्तो प्रतिवेदनलाई खरिद कारबाहीको अभिलेखको रुपमा राख्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो

जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। पालिकाको पशु शाखाबाट यस आर्थिक वर्षको लागी विभिन्न मितिमा आपूर्ति भएको पशुजन्य औषधी खरिद गरेकोमा प्राविधिक निरीक्षण वा परीक्षण गराई प्रतिवेदन तयार गर्ने र खरिदको अभिलेख राख्ने कार्य समेत गरेको नदेखिएको साथै सो खरिद गरिएको औषधीको “PAMS” प्रणँलीमा जिन्सी दाखिला गरेको देखिएन। कार्यालयले कोटेशन विधिबाट विभिन्न मितिमा औषधी खरिद गरी भुक्तानी गरेकोमा आपूर्तकको बिलमा औषधीको व्याच नम्बर र उत्पादन मिति उल्लेख गरेतापनि औषधीको म्याद समाप्त हुने मिति साथै औषधी स्पेशिफिकेशन बमोजिम भएको खुल्ने नियमानुसारको प्रतिवेदन संलग्न गरेको प्रमाण पेश हुनुपर्ने रू.

| पशुजन्य औषधी खरिदको विवरण | | | | |
|---|---|---|---|---|
| **गो.भौ.नं./मिति** | **आपुर्तिकर्ता** | **खरिद विवरण** | **भुक्तानी रु.** | **कैफियत** |
| ८७९-०८१/९/१७ | बेलबास भेटेरिनरी सेन्टर | २६ आइटम | १००९७६ | प्याम्स प्रणालीमा दाखिला नभएको तथा निरीक्षण प्रतिवेदन समेत समावेश नगरिएको । |
| १०२३-०८१/१०/७ | | २३ आइटम | २३३२०८ | |
| १२८८-०८१/११/२० | बहुजनहित भेटेरिनरी कन्सर्न | ३८ आइटम | ११०८८० | |
| ९८५-०८१/१०/२ | | ४९ आइटम | ८९३२५५ | |
| १६०८-०८२/१/१४ | | २२ आइटम | ६६९७५ | |
| १७५४-०८२/२/६ | दाजुभाई भेटेरिनरी सेन्टर | ३४ आइटम | १८४३२९ | |
| १९३८-०८२/३/४ | | ३५ आइटम | १४३०२१ | |
| | **जम्मा** | | १८१२६४४ | |

| प्रमाण पेश नगरेको | १८,१२,६४४ |
|---|---|

## १० स्थानीय तथ्याङ्क, स्रोत नक्शाङ्कन र अभिलेखः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन भने तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित र अद्यावधिक नरहेको तथा प्राप्त तथ्याङ्कमा एकरुपता समेत नरहेको पाइयो। स्थानीय तहमा प्राथमिकताको आधारमा क्रियाकलाप सञ्चालनमा तथ्याङ्क तथा अभिलेखले महत्वपूर्ण भूमिका खेल्ने हुँदा तथ्याङ्क सङ्कलन र व्यवस्थित रुपमा अद्यावधिक अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

## ११ वडामा खरिद गरिएका सामग्रीको जिन्सी दाखिलाः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ।कार्यालयले १४ वटा वडा कार्यालयमा वडा व्यवस्थापन खर्च वापत रू. ३४७००००.०० विनियोजन गरी सम्बन्धित वडाका वडा सचिवहरूलाई मसलन्द तथा कार्यालय सामाग्री,सवारी मर्मत,मेशिनरी तथा औजार मर्मत लगायतका बिलको आधारमा रू. ३३१६९४८.०० सोधभर्ना भुक्तानी गरेको पाईयो । खर्चको भुक्तानी सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरी वडा सचिवले भुक्तानी लिने गरेको, वडा कार्यालयवाट खरिद भएका खप्ने तथा नखप्ने जिन्सी सामाग्री तथा सवारी मर्मत गरी परिवर्तन भएका स्पेयर पार्ट सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली “PAMS” मा दाखिला नगरी भुक्तानी गर्नु नियमसम्मत देखिएन। कार्यालयमा खरिद तथा हस्तान्तरण भएका सम्पुर्ण जिन्सी सामाग्रीहरू PAMS मा समावेश नहुदा गलत प्रतिवेदन तथा सम्पत्तिको डिजिटल ट्रयाकिङ नहुने र सम्पत्तिको दुरुपयोग समेत हुन सक्ने हुदा कानुन तथा वार्षिक निति बमोजिम सम्पुर्ण जिन्सी सामाग्रीको PAMS दाखिला अनिवार्य गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्छ।

## १२ प्रशासकीय संगठन तथा जनशक्ति व्यवस्थापनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृत सहित ६० जनाको दरबन्दि स्वीकृत गरेको छ।साथै कार्यलयले उपलब्ध गराएको विवरण अनुसार कृषि शाखामा ५ र पशु शाखामा ५ गरी जम्मा ७० जनाको दरबन्दी रहेकोमा ६९ जना स्थायी कर्मचारी कार्यरत रहेको पाईयो। यसका साथै कार्यालयले कर्मचारीलाई भुक्तानी गरेको तलब भत्ताको अभिलेख अनुसार वडा तथा नगरपालिका तर्फ ११७ जना करार र २ जना राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण करार गरी यस पालिकामा जम्मा १८८ जना कर्मचारी (नगर अस्पतालमा कार्यरत कर्मचारी र नगर प्रहरी बाहेक) कार्यरत रहेको पाईयो । पालिकाले आफ्नो कार्यबोझ तथा जनशक्तिको आवश्यकता अनुसार कार्यालय तथा व्ययस्थापन सर्वेक्षण गरी सो बाट कायम दरबन्दी सम्बन्धित निकायमा दर्ता गर्ने बेवस्था गरी कर्मचारी अभिले तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

१३ **विविध खर्चः**

स्थानीय सरकारले व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यो वर्ष विविध खर्च, सभा तथा कार्यपालिका सञ्चालन खर्च, अतिथि सत्कार तथा अन्य विविध खर्च शिर्षकमा रू. ३९ लाख ८ हजार २१७ खर्च गरेको छ, जुन पालिकाको आन्तरिक आय रु. २१,४६,५५,२८०.२० को १.८२ प्रतिशत हुन जान्छ। विविध खर्च शिर्षकबाट चालु प्रकृतिका खर्च गर्दा मितव्ययिता अपनाउनुपर्दछ।

१४ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । सहायता वितरण सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र सहायताको प्रयोजन तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नु पर्दछ। पालिकाले यस वर्ष असाहायता तथा राहत कोष शिर्षकमा जम्मा रु. ३० लाख बजेट विनियोजन गरेकोमा कार्यपालिकाको पटके निर्णय र अध्यक्षको तोक आदेश बमोजिम सहायता वितरण जम्मा रु. २९ लाख ८ हजार खर्च गरेको पाइयो। तर यसरी वितरण गरेको आर्थिक सहायता खर्च सम्बन्धी विवरण सार्वजनिक गरेको नदेखिएकोले आर्थिक सहायता वितरण सम्बन्धी खर्च विवरण नियमित रुपमा वेबसाइटबाट सार्वजनिक गर्नुपर्दछ।

१५ **युवा तथा खेलकुद विकासः**

गण्डकी प्रदेशको 'प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८' को दफा २३ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्नेछ भनेर उल्लेख गरिएको छ। तसर्थ बजेट विनियोजन तथा खर्च गर्दा आर्थिक तथा सामाजिक लाभ उच्च हुने उत्पादनमुलक प्रकृतिको कार्यक्रमहरुमा औचित्य पुष्टी हुने गरी स्रोत परिचालन गर्नुपर्दछ। पालिकाले यस आर्थिक वर्ष खेलकुद सामाग्री खरिद,नगरस्तरीय खेलकुद,म्याराथुन प्रतियोगिता सञ्चालन तथा वडागत खेलकुद व्यवस्थापन शिर्षकमा पालिका स्तरीय र वडागत रुपमा गरी जम्मा रु. ४९ लाख ५० हजार बजेट विनियोजन गरेकोमा अधिकांश रुपमा ससाना र पटके खेलकुद कार्यक्रम,तथा खेलकुद सामाग्री खरिदको लागि भुक्तानी गरी रु. ४५ लाख ४१ हजार खर्च लेखेको छ। पालिकले वडा तथा पालिका स्तरीय खेलकुद विकासको लागि हालसम्म कुनै पनि कार्ययोजना बनाएको छैन भने टोल स्तरीय, विद्यालय स्तरीय, वडा स्तरीय र पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धमा कार्यविधि र वार्षिक क्यालेण्डर समेत बनाएको छैन। तसर्थ खेलकुद विकास सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्दा कार्यविधि र वार्षिक क्यालेण्डर बनाई निश्चित विधि र प्रकृयाको आधारमा पारदर्शी रुपमा सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१६ **दरबन्दी बाहिरको करार सेवाः**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्यबोझ,राजस्व क्षमता,खर्चको आकार,स्थानीय आवश्यकता र विशीष्टतालाई समेत ध्यानमा राखि संगठन संरचना कायम गर्नुपर्ने र स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आफ्नो संगठन संरचना स्वीकृत गरी आवश्यक दरवन्दी कायम गरेको अवस्थामा समेत सो स्वीकृत दरवन्दीभन्दा बढी हुने गरी कर्मचारी भर्ना गरेको पाइयो। स्वीकृत संगठन संरचना अनुसारको कर्मचारी आवश्यकता अनुसार लोकसेवा आयोगवाट माग गरी पदपुर्ति गर्नु पर्नेमा सो अनुसार पदपुर्ति नहुन्जेल सम्म दरबन्दी भित्र करार सेवामा लिनु पर्नेमा दरवन्दी अनुसारको पदपुर्ति भै सकेको

अवस्थामा समेत सो भन्दा बढी हुनेगरी कर्मचारी भर्ना गरी थप खर्च लेखेको देखिदा यसरी स्वीकृत दरबन्दी भन्दा बढी हुने गरी कर्मचारी भर्ना गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । पालिको उपलब्ध गराएको कर्मचारी विवरणका आधारमा देहाय अनुसार १०५ कर्मचारी दरबन्दी भन्दा बाहिर करार सेवामा नियुक्ति गरेको पाईयो । यस सम्बन्धमा कार्यालयलबाटै कर्मचारीको छानविन तथा यकिन गरी देहाय अनुसार तलब भत्ता भुक्तानीमा करार सेवा शुल्क (वडा र मुख्य कार्यालय) र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण करार शिर्षकबाट लेखिएको खर्च रू. ४,२४,५३,९२४.२४ नियमित हुनु पर्ने रू.

**(विस्तृत विवरण बेरूजु दफा १६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | ४,२४,५३,९२४ |

१७ **पदाधिकारी सेवा सुविधाः**

नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले यस वर्ष पदाधिकारी सेवा सुविधा तथा बैठक भत्ता शिर्षकमा रु. १ करोड ७४ लाख विनियोजन गरेकोमा ७४ जना जनप्रतिनिधिहरुको सेवा सुविधा तथा चाडपर्व सुविधा समेत जम्मा रु. १ करोड ७३ लाख खर्च गरेको पाईयो।

१८ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गत वर्षसम्मको बाँकी ३८ र यस वर्ष दर्ता भएको ८० समेत ११८ वटा विवाद रहेकोमा विगतको ३३ वटा र यस वर्षको ५७ समेत ९० वटा विवादको न्यायिक समिति मार्फत फछ्र्यौट भई २८ वटा विवाद फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ। स्थानीय न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

१९ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने साथै आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै तोकिए बमोजिम फछ्र्यौट गर्नुपर्ने उल्लेख छ। पालिकाको आम्दानी र खर्चका कारोबार तथा कोषहरु सम्बन्धमा ऐनमा उल्लेख भए बमोजिम नियमित रुपमा आन्तरिक लेखापरीक्षण भएको पाइएन। पालिकाको आर्थिक वर्ष ०८१।८२ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण प्रतिवेदन २०८२।०८।२३ मा पेश भएको छ। नियमानुसार आन्तरिक लेखापारीक्षण गर्ने तथा आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरु उपर आवश्यक कारबाही गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२० **कानुन निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधीनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले गत विगतमा तर्जुमा भएका १४० र यस वर्ष तर्जुमा भएका २० समेत हालसम्म १६१ कानुन कार्यान्वयनमा ल्याएकोमा ४६ वटा ऐन, ९ वटा नियमावली, ९५ वटा निर्देशिका/कार्यविधि तथा अन्य कानुन ११ वटा रहेका छन्। तर्जुमा भएका ऐन कानुनहरुको प्रभावकारी रुपमा कार्यान्वयन तथा समयानुकूल परिमार्जन समेत गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

२१ **सेवाप्रवाहको स्थिति :**

पालिकाबाट यस वर्षको सेवाप्रवाह सम्बन्धमा निम्नानुसार विवरण प्राप्त भएको छ।

| विवरण | जम्मा |
|---|---|
| घरबाटोको सिफारिस संख्या | - |
| घरजग्गा नक्शा पास | - |
| जन्म दर्ता | १०९४ |
| मृत्यु दर्ता | ४६२ |
| विवाह दर्ता | ५८५ |
| बसाइँसराई दर्ता आउनेको | २०९ |
| बसाइँसराई दर्ता जानेको | १७४ |
| सम्बन्ध विच्छेद दर्ता | १५२ |

पालिकाको बजार क्षेत्रमा प्रशस्तै नयाँ घर निर्माण हुने क्रम जारी रहेको भए तापनि नक्शा पासको सम्बन्धमा कुनै अभिलेख राखिएको नदेखिएकोले नक्शा पास कार्यलाई नियमन गरी व्यवस्थित गर्नुपर्ने देखिन्छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहको अभिलेख व्यवस्थित गरी व्यक्तिगत घटना दर्तासँग सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही भिडान गरी सेवा प्रवाहलाई चुस्तता दिनुपर्दछ।

२२ **सहकारी संस्थाको सञ्चालन र नियमनः**

पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका सहकारीहरुको सञ्चालन सम्बन्धमा अनुगमन तथा नियमन गरी चुस्त रुपमा सञ्चालन हुने वातावरण सुनिश्चित गर्नुपर्दछ। यस पालिकाको अभिलेख तथा लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस पालिकामा ८५ सहकारी संस्था दर्ता रहेको पाइयो। पालिकामा रहेका सहकारीले नियमित रुपमा पालिकामा विवरण पेश गरेको या नगरेको सम्बन्धमा पालिकासँग अद्यावधिक अभिलेख उपलब्ध नभएकोले एकिन हुन सकिएन। अस्तित्वमा रहेका ८५ वटा सहकारीमा ३३२५४ शेयर सदस्यको कुल शेयर पुँजी रु. ७४२०९१९५९.०० रहेकोमा हालसम्मको बचत निक्षेप रकम रु. १४६००४४०६७.०० रहेको छ। पालिकामा रहेका सहकारी संस्थाहरुले रु. २१५०७८७२८८.०० ऋण प्रवाह गरेको जानकारी पालिकाले दिएको छ भने ऋणीहरुको संख्या, भाखा नाघेको ऋणी तथा ऋण रकम लगायत विषयमा पालिकाले कुनै पनि विवरण उपलब्ध नगराएको कारण यस विषयमा बिश्लेषण गर्न सकिएन। प्राप्त विवरण अनुसार पालिकामा रहेका सहकारी संस्थाहरुले बचत निक्षेपको तुलनामा रु. ६९ करोड ७ लाख ४३ हजार बढी कर्जा प्रवाह गरेको देखिएको छ। पालिकामा सहकारी अनुगमन सम्बन्धी विस्तृत र व्यवस्थित विवरण तथा अभिलेख राखेको पाइएन। पालिकामा उपलब्ध सहकारी संस्था सम्बन्धी अभिलेख परीक्षण गर्दा सर्वकल्याण बचत तथा ऋण सहकारी संस्था लि. ले रकम हिनामिना गरेकोले जिल्ला प्रहरी कार्यालयबाट छानविन भएको, कृषि विकास सहकारी संस्था लि.ले व्यास न.पा. - २ बस्ने राम बहादुर आले, व्यास न.पा. - १ का सिता क्षेत्री र सम्झना श्रेष्ठले पटक पटक आफ्नो बचत फिर्ता माग गर्दा समेत फिर्ता नगरेको साथै पालिकाको सहकारी अनुगमन क्षेत्रभित्र पर्ने यस कृषि विकास सहकारी संस्थालाई आदर्श सरस्वती मा.वि. भानु न.पा. - ६ तनहुँले च.नं. ५७ मिति २०८०।०२।२४ को पत्रबाट उक्त सहकारीमा मुद्दती खातामा रहेको रु. १८ लाख विद्यालयको नेपाल बैङ्क लिमिटेडमा रहेको खातामा जम्मा गर्न अनुरोध गरेको देखिएबाट उल्लिखित २ सहकारीमा सर्वसाधारणको बचत जोखिमपूर्ण अवस्थामा देखिएको छ । उल्लिखित लगायत आफ्नो अनुगमन क्षेत्रभित्र पर्ने सहकारीको पालिकाबाट प्रभावकारी र नियमित रुपमा सघन अनुगमन गरी सर्वसाधारण बचतकर्ताको बचत निक्षेप रकम सुरक्षित हुने सुनिश्चितता हुनुपर्दछ।

२३ **इन्धन खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चत मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था उल्लेख छ। पालिकाले यस वर्ष इन्धन(कार्यालयका अन्य सवारी), इन्धन(सरसफाई), ईन्धन (आयुर्वेद) र ईन्धन (प्राथमिक स्वास्थ्य केन्द्र) लगायतका शिर्षकमा जम्मा रु. ९० लाख ५८ हजार

विनियोजन गरेकोमा रु. ८४४५६५८.०० खर्च गरेको छ। इन्धन खर्चलाई यथासम्भव मितव्ययी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२४ **सूचना प्रकाशन र छपाइः**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६(क) को उपदफा ३ मा सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड (ख) बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ। साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ (ग) मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष नगरपालिका चालुतर्फ सञ्चार माध्यम (गतिविधि प्रकाशन प्रशारण समेत) शिर्षकमा रु. ३१ लाख बजेट व्यवस्थापन गरी रु. ३०६१६१०.७९८ खर्च गरेको देखियो। उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम विज्ञापन बोर्डमार्फत गराएको देखिएन। साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु. ९१८४८.३२ बोर्डको कोषमा जम्मा हुने अवस्था देखिएन। पालिकाले प्रचलित कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ।

२५ **दायित्व सार्न नमिल्ने शिर्षकको दायित्व अर्को वर्ष सारिएकोः**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६(२) मा कार्यालयले चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने तथा सोही नियमको उपनियम (१४) मा स्वीकृत दरबन्दीको तलब, महंगी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोसाक, खाद्यान्न, औषधि उपचार र बिरामी र बन्दीको सिधा, सेवा निवृत सुविधा तथा स्वीकृत कार्यक्रममा रहेको कुनै व्यक्ति वा फर्म सँग भएको सम्झौता अनुसारको रकम भुक्तानी दिन नसकिएमा अर्को वर्ष भुक्तानी दिन बाँकीको विवरण स्वीकृत गरी दायित्व सार्न सकिने व्यवस्था गरेको छ । कार्यालयले नियमावलीले तोकेको शिर्षक अन्तर्गत तलब (स्वीकृत दरवन्दी भित्रको) मा रु. ७९,७२,३८१.०० महंगी भत्ता र स्थानीय भत्तामा ३,९२,३००.००, घर भाडामा ८३,०००.००, पोशाक खाद्यान्न औषधि उपचार बिरामी र बन्दीको सिधामा रु. १,३६,०००.०० र स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकममा रु. १,०४,०१,१५२.०० दायित्व सारेकोमा सो नियमावलीले तोकेको भन्दा फरक शिर्षकमा समेत रु. २,२८,३३,४२८.०० भुक्तानी दिन बाँकी अर्को वर्षलाई सारेको पाईयो । यसरी प्रदेश नियमावलिले तोकेको भन्दा अन्य शिर्षकमा देहाय अनुसार दायित्व राखी अर्को वर्ष भुक्तानी गर्ने भनि प्रमाणित गराएको देखिदा पालिकाको बजेटमा विनियोजन कुसलता देखिएन । आम्दानीको सीमा भन्दा बढि हुने गरी कार्यक्रम स्वीकृत गराई बजेट बिनियोजन गर्दा भुक्तानमा समस्या आउने र समग्र बजेट प्रणालिमा समस्या आई संचितकोषमा समेत असर गर्ने हुदा नियमावलीको अधिनमा रहि चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना नगर्ने तथा नियमालीले तोकेको शिर्षक भन्दा अन्य शिर्षकको दायित्व अर्को वर्षमा सार्ने कार्यमा नियन्त्रण हुनु पर्दछ।

| भुक्तानी बाँकी बिबरण | रकम |
|---|---|
| व्यास न पा जनप्रतिनिधि शिक्षा स्वास्थ्य साथै न पा तर्फको कर्मचारीहरु (वडा व्यवस्थापन वडा बैठक भत्ता विभिन्न समितिहरुको बैठक भत्ता) दैनिक भ्रमण भत्ता (एकमुष्ठ) समेत | ९७०१२९९ |
| मेशिनरी तथा औजार मर्मत औषधि तथा उपकरण तर्फका | २७६५६१० |
| विभिन्न चालू प्रकृतिका तालिम तथा कार्यक्रम संचालन | ८७७९०१९ |
| योजनाहरु विपद तथा निर्माण सम्बन्धी | १५८७५०० |
| जम्मा | २२८३३४२८ |

२६ **वास्तविक भुक्तानी बाँकी भन्दा घटी हुने गरी कच्चावारी प्रमाणितः**

कार्यालयले भुक्तानी दिन बाँकी दायित्व म.ले.प. फाराम नं २२१ मा प्रमाणित गराई सोही अनुसारको दायित्व सुत्र प्रणालिमा प्रविष्ट गरी भुक्तानी गर्नु पर्दछ । यस पालिकाले सभाबाट पारित गरिएको भुक्तानी बाँकीको कच्चावारी भन्दा बढि हुने गरी सुत्र प्रणलीबाट भुक्तानी गरेको पाईयो । पालिकाले सम्बन्धितलाई भुक्तानी गर्न बाँकी रहेको रकमलाई सभाबाट प्रमाणित गराई सोही अनुसार अर्को वर्ष भुक्तानी गर्नु पर्नेमा सभाबाट प्रमाणित गराएको रकम भन्दा बढी हुने गरी यस वर्ष भुक्तानी गरेको देखियो । गत आर्थिक वर्षमा भुक्तानी हुन बाँकी भनी प्रमणित गरेको विवरण भन्दा बढी हुने गरी सुत्र प्रणालिबाट भुक्तानी गर्नु कानुन सम्मत नदेखिदा नगरसभाबाट पारित भएको भन्दा बढी हुने गरी भुक्तानी गरेको देहाय अनुसारको रकम रु. ६६८४३३.०० नियम सम्मत नदेखिएको रु.

| आ व २०८१।०८२ व्यास नगरपालिकामा कम दायित्व सारिएको चालू तर्फका भौचरहरु | | | | | |
|---|---|---|---|---|---|
| क्र सं | भौचर नं र मिति | भुक्तानी प्राप्त गर्नेको विवरण | सभाबाट पारित भुक्तानी दिन बाँकी | वास्तविक भुक्तानी दिन बाँकी | भुक्तानी दिन बाँकी प्रमाणित विना भुक्तानी भएको रकम |
| १ | ५०१-२०८१।०६।२२ | गोबर्धन शर्मा स्मृति प्रतिष्ठान | ३३५००० | ४६८५५५ | १३३५५५ |
| २ | २००-२०८१।०५।२५ | भुकम्प प्राविधिक राष्ट्रिय समाज | ४९५००० | ५००००० | ५००० |
| ३ | ८९-२०८१।०५।०५ | ट्राफिक सचेतना तथा जेब्रा क्रसिङ निर्माण समिति | ४०००० | २४७६८८ | २०७६८८ |
| ५ | ८१-२०८१।०५।०४ | जेनिश मोटरसाइकल | ७५०० | २२५०० | १५००० |
| ६ | ७८-२०८१।०५।०४ | विन्दु पौडेल | ४०००० | ४५४०० | ५४०० |
| ७ | ७९-२०८१।०५।०४ | सर्मिला जमरकट्टेल | ७४००० | ८९४९० | १५४९० |
| ८ | ५०७-२०८१।०६।२३ | नयाँ सपना दमौली | १०००० | २०००० | १०००० |
| ९ | ३३-२०८१।०४।३० | प्रभु बैंक लि (वडा तर्फका जनप्रतिनिधि) | १३९६७०० | १४७२००० | ७५३०० |
| १० | २५५-२०८१।०६।०१ | प्रहार अनलाइन मिडिया | ५००० | ६००० | १००० |
| | जम्मा | | | | ४६८४३३ |
| आ व २०८१।०८२ व्यास नगरपालिकामा कम दायित्व सारिएका पूँजिगत तर्फका भौचरहरु | | | | | |
| क्र सं | भौचर नं र मिति | भुक्तानी प्राप्त गर्नेको विवरण | दायित्वमा सारिएको | वास्तविक दायित्व | फरक |
| १ | ४०-२०८१।०५।१३ | भतेरी झर्ने बाटोको दक्षिण तर्फ नाला निर्माण योजना | ६५७५०० | ८५७५०० | २००००० |
| | जम्मा | | | | २००००० |
| कम दायित्व सारिएको चालु र पुजिगत( कच्चावारी प्रमाणित बेगर भुक्तानी) | | | | | ६६८४३३ |

| अनियमित भएको | ६,६८,४३३ |
|---|---|

## २७ वास्तविक भुक्तानी बाँकी भन्दा बढी हुने गरि कच्चावारी प्रमाणितः

कार्यालयले भुक्तानी दिन बाँकी दायित्व म.ले.प. फाराम नं २२१ मा प्रमाणित गराई सोही अनुसारको दायित्व सुत्र प्रणालिमा प्रविष्ट गरी भुक्तानी गर्नु पर्दछ । यस पालिकाले सम्बन्धितलाई भुक्तानी गर्न बाँकी रहेको रकम भन्दा बढी हुने गरी सभाबाट कच्चावारी प्रमाणित गरी एकमुष्ट बजेट विनियोजन गरेको पाईयो । आर्थिक वर्ष २०८१।८२ मा बजेट अभावले भुक्तानी दिन बाँकी रहेको रकम भन्दा बढि रकमको कच्चावारी प्रमाणित गरी बजेट बिनियोजन गर्दा यस आर्थिक वर्षमा संचालन गर्ने योजना तथा कार्यक्रमको लागी बजेट विनियोजन गर्न अभाव हुने अवस्था देखिने हुदा यसरी वास्तविक दायित्व रकम भन्दा बढि हुने गरी कच्चावारी प्रमाणित गराई बजेट बनाईनु कानुन सम्मत र व्यवहारिक समेत देखिएन । पालिकाले भुक्तानी दिन बाँकीको कच्चावारी भन्दा बढी हुने गरी दायित्व रकम पारित गरी बजेट बनाउँदा बजेटको आकार बढि हुन गएकोले वास्तविक भुक्तानी दिन बाँकी अनुसार नै कच्चावारी प्रमाणित गरी बजेटमा व्यवस्था गरि विनियोजन कुसलता कायम गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## २८ नगर विकास कोषको ऋणः

पालिकाको अभिलेख अनुसार नगर विकाससँग सम्बन्धित विभिन्न परियोजनाको लागि लिइएको ऋण र भुक्तानी भएको साँवा-व्याजको अवस्था निम्नानुसार पाईयो।

| सि.नं. | आयोजना | सुरुको ऋण रू. | बाँकी ऋण | २०८१/८२ मा भुक्तानी | | |
|---|---|---|---|---|---|---|
| | | | | साँवा | व्याज | जम्मा |
| १ | व्यास न.पा. बहुउद्धेश्यीय भवन | १०१३७४०५०.०० | ४४२०५६७७.५९ | ५३८९५०७.३० | ३०३१७७७.५० | ८४२१२८४.८० |
| २ | बैंरेनी जग्गा विकास आयोजना | २४८१५६००.४९ | २४८१५६००.४९ | - | १२८१९०७.९८ | १२८१९०७.९८ |
| | जम्मा | १२६१८९६५०.४९ | ६९०२१२७८.०८ | ५३८९५०७.३० | ४३१३६८५.४८ | ९७०३१९२.७८ |

नगर विकासकोषबाट ऋण लिई संचालन भएका २ परियोजना मध्ये बहुउद्धेश्यीय भवन निर्माण सम्पन्न भई यो वर्ष पालिकाले आफुले प्रयोग गरेबाहेक रू. ८५५२७०४.६३ आन्तरिक आय आर्जन गरेको देखिन्छ भने नगर विकास कोषको ऋणको साँवा र व्याज बापत

गो.भौ.नं. ९६२ - ०८१।९।२९ बाट रू. ४७४५१९० र गो.भौ.नं. २३४२ - ०८२।०३।२५ बाट रू. ४९५८००२.२५ गरी जम्मा रू.९७०३१९२.७८ भुक्तानी गरेको छ। नगर विकास कोषलाई आन्तरिक आयबाट भुक्तानी हुनुपर्नेमा यो वर्ष भुक्तानी मध्ये रू. ४४५११९०.५३ राजस्व बाडफाँटबाट भुक्तानी भएको नियम सम्मत नदेखिएकाले नियमित हुनुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | ४,४५,१९१ |

२९ **घरभाडाः**

व्यास नगरपालिका प्रशासकीय कार्यविधि (खर्च मापदण्ड नियमित गर्ने),२०७९ को नियम २२ मा आवास सुविधा अनुसुची ४ अनुसार भुक्तानी गरिने व्यवस्था गरेको छ। सोही मापदण्डको अनुसुची ४ मा प्रमुख प्रशासकीय अधिकृतलाई प्रति महिना प्रतिस्पर्धाबाट निर्धारण भए अनुसार र नगरपालिका बाहिरका स्थायी अधिकृतस्तर कर्मचारी वा नगरपालिका क्षेत्रभित्र घर नभएका अधिकृतस्तरका स्थायी कर्मचारी (शाखा,उपशाखा प्रमुख) लाई प्रतिमहिना रू. ७००० का दरले घरभाडा सुविधा दिने सक्ने व्यवस्था गरेको छ। पालिकाले यस आ.व. मा विभिन्न स्थानका १२ जना घरधनीसँग घरभाडामा लिने सम्झौता गरी निम्न बमोजिम रु. १३९५७५०.०० भुक्तानी गरेको छ। पालिकाले तयार पारेको मापदण्डमा कार्यालय र कार्यालयका कर्मचारीको आवास प्रयोजन बाहेक अन्य निकायको लागि घर भाडामा लिन पाउने गरी व्यवस्था गरेको नदेखिए पनि पालिकाले कलेस्ती अस्थायी प्रहरी चौकीको लागि घर भाडामा लिई रु. ३०२५००.०० भुक्तानी गरेको पाईयो। पालिकाको प्रशासकीय कार्यविधिमा उल्लेखित व्यवस्था विपरीत अन्य निकायको लागि घरभाडा बापत भुक्तानी भएको रु. ३०२५००.०० नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| क्र.सं. | घरभाडा प्रयोजन | मासिक दर | कोठा सङ्ख्या | भुक्तानी रु . | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३ नं. वडा कार्यालय | २८००० | १ तला | ३९२००० | |
| २ | कृषि उपज संकलन एवम् बिक्री कक्ष | ९५०० | १ सटर | १२४४५० | |
| ३ | कर्मचारी आवास | ७००० | - | ५५५८०० | |
| ४ | कलेसती प्रहरी चौकी | २७५०० | ६ कोठा | ३०२५०० | |
| ५ | वातावरण शुल्क सङ्कलन डिपो | ३५०० | नखुलेको | १०५०० | |
| ६ | वातावरण शुल्क सङ्कलन डिपो, वडा नं . ५ | ३५०० | नखुलेको | १०५०० | |
| | जम्मा | | | १३९५७५० | |

| | |
|---|---|
| अनियमित भएको | ३,०२,५०० |

३० **पेश्की बाँकीः**

पेश्की बाँकी सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार छन ।

३०.१ **पुरानो पेश्कीः** गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा लगती बेरुजुको रुपमा उल्लेख भएको तपशिल बमोजिमको पेश्की फछ्र्यौट हुन बाँकी देखिँदा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावली र सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुसार पेश्की फर्स्यौट हुनुपर्दछ।

गत आर्थिक वर्ष ०८०।८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा लगती बेरुजु उल्लेख भएको पेश्की बाँकी रकम

| पेश्कीको विवरण | पेश्की लिने पक्षको नाम | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|
| संस्थागत पेश्की | | | |
| बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि सशर्त अनुदान-नयाँ थप | नविन पराजुलि | ३००००० | |
| देवीडाँडा चिसापानी लिफ्टिङ्ग खानेपानी तथा सरसफाइ योजना | जि. एस. इन्जिनियरिङ.ग एण्ड बिल्डर्स | ६२०००० | |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान-२२२.११ | केशवटार माध्यमिक विद्यालय | ६५०००० | |
| सेवा र परामर्श खर्च-६९० | इन्टिग्रेटेड रिसोर्स सेन्टर प्रा. लि. | ४९५०० | |
| स्वास्थ्य संस्थाहरुको स्तरीकरण -६१२ | सतिश्वारा स्वास्थ्य चौकी कार्यलय | ६०००० | |
| रासिभ्ज्याङ छाङ मोटर मार्ग स्तरोन्नति | छाब्दी छाँङ्ग रासीभञ्ज्याङ्ग रामकोट मोटर मार्ग | ६६००० | |
| खड्ककालि मार्ग कालोपत्रे | तनहुँसुर खड्गकाली मोटर मार्ग | १००००० | |
| ढापखोला साँजा चनौटे लिफ्टिङ खानेपानी योजना | तल्लो साँजा चनौटेटोल विकास सं. | २६४००० | |
| अन्य सार्वजनिक निर्माण | श्री क्यामिन कोट कालिका मन्दिर निर्माण समिति | ३३०००० | |
| विविध फुटकर(नयाँ_२०७६माघ२५) | श्री पोल्याङग खानेपानी तथा सरसफाइ उपभोक्ता समिति शिसाखोला वोरिङ लिप्ट योजना | १३२००० | |
| अन्य सार्वजनिक निर्माण | शान्तिनगर टोल बिकास संस्था | ८२५०० | |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान-२२२.११ | अमर सिंह मा वि | ६५०००० | ० |
| शैक्षिक संस्थाहरूलाई सहायता | केशवटार माध्यमिक विद्यालय | ६५०००० | |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण ... ... ... ... ... अनुदान | गुँदी फच्याङ्ग आधारभुत विद्यालय | ५०००० | |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण ... ... ... ... ... अनुदान | जनजुक्त शाही माध्यमिक विद्यालय | ६५०००० | |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण ... ... ... ... ... अनुदान | जनसेवा प्राथमिक विद्यालय | ५०००० | |
| शैक्षिक संस्थाहरूलाई सहायता | निर्मल माध्यामिक विद्यालय | ७२९९२०० | |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण ... ... ... ... ... अनुदान | पराशर माध्यामिक विद्यालय | ५०००० | |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण ... ... ... ... ... अनुदान | वाराही माध्यामिक विद्यलय | ६५०००० | |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण ... ... ... ... ... अनुदान | श्री उदय माध्यमिक विद्यालय | ६५०००० | |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण ... ... ... ... ... अनुदान | श्री क्यामिन माध्यमिक विद्यालय | ६५०००० | |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण ... ... ... ... ... अनुदान | श्री जनता आधारभुत विद्यालय | ५०००० | |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण ... ... ... ... ... अनुदान | श्री जलदेवि माध्यमिक विद्यालय | ६५०००० | |
| विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | श्री निर्मल सैकेन्डरी स्कुल | १६६७८५४१ | |
| शैक्षिक संस्थाहरूलाई सहायता | श्री निर्मल सैकेन्डरी स्कुल | ९७७२८७७ | |

| | | | |
|---|---|---|---|
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण ... ... ... ... ... अनुदान | श्री सरस्वती आधारभुत विद्यालय | ५०००० | |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण ... ... ... ... ... अनुदान | शिव माध्यामिक विध्यालय | ६५०००० | |
| लागत सहभागिताका योजनाहरु-८५३ | आसापानी टोल विकास संस्था | ७९२००० | |
| आ.व.२०७८÷०७९ को भूक्तानी दिन वाकी योजनाहरु-९५७ | नेपाल विधुत प्राधिकरण दमौली | ४९५८०० | |
| विविध फुटकर योजनाहरु -९३५ | नेपाल विधुत प्राधिकरण दमौली | ८०००० | |
| नमूना विद्यालयमा भौतिक सुधार योजना | श्री जन सेवा प्रा.वि. | ८२५०० | |
| शिक्षाको गुणस्तर अन्तर्गत मदर्शा प्रावि र वेदव्यास प्रा वि फर्निचर र अन्य व्यवस्थापन -१६२ | श्री वेदव्यास प्राथमिक विद्यालय | १६५००० | |
| मठ मन्दिर, गुम्बा, मस्जिद, चर्च सहयोग कार्यक्रम-२०७ | रहनुमा तालेमुल इस्लामीक मदरसा | १००००० | |
| व्यास नगर आमा समूहको सिपमूलक तालिमको लागि-५७ | व्यास नगर आमा समुह | ८०००० | |
| सनातन धर्म संकृती अन्तराष्ट्रीय महासम्मेलन अनुदान | विश्व हिन्दु महासंघ नेपाल | ५००००० | |
| गोवर्धन शर्मा कृषि अध्ययन अनुसन्धान प्रशिक्षण कार्यक्रम | गोवर्धन शर्मा स्मृर्ती प्रतिष्ठान | १००००० | |
| अव्यवस्थित तार तथा पुरानो पोल व्यवस्थापन -४१६ | नेपाल विद्युत प्राधिकरण तनहुँ | २४९८२७ | |
| जम्मा | | ४४४९९७४५ | ० |

३०.२ **अन्य पेश्कीः** पालिकाले देहायका निर्माण व्यवसायी, उपभोक्ता समिति तथा व्यक्तिलाई उपलब्ध गराएको निम्नबमोजिमको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट हुन बाँकी देखिँदा नियम अनुसार पेश्की फर्स्यौट हुनुपर्ने रु.

| | | |
|---|---|---|
| व्यक्तिगत पेश्की | | |
| असहाय तथा राहत कोष-५३ | मेघ बहादुर सुनार | १०००० |
| विविध खर्च | सत्य नारायण मल्ल | ६२५०० |
| नगरपालिकाका विपन्नहरुको लागि घर आवास सहयोग कार्यक्रम-८०१ | अमृता माया बोटे | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | कर्ण वहादुर घर्ती | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | कृष्ण कुमारी पण्डित | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | तेज वहादुर थापा | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | नानीमाया नेपाली | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | भिम माया भुजेल | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | मनिषा वि.क. परियार | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | रंगलाल प्रजा | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | राजेन्द्र मिश्र | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | राम वहादुर सुनार | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | लाल माया कामी | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | विनोद कुमाल | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | विष्णु वहादुर भुजेल | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | शान्ता घर्ती | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | सुक वहादुर वोटे | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | हुममाया आले थापा | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | अन माया वि.क. | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | अमर वोटे | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | अर्जुन भुजेल कामी | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | उत्तम वहादुर आले | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | फुल माया बोटे | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | वसन्त वहादुर आले | ३०००० |
| नगरपालिकाका विपन्नहरुको लागि ... ... ... कार्यक्रम-८०१ | सर्वलाल दरै | ३०००० |
| जम्मा | | ७६२५०० |
| उपभोक्ता समिति पेश्की | | |
| आशागुरी खोल्सी धाराखोला मुल खा.पा.को नयाँ रिर्जव टंकी निर्माण सम्पन्न भएकोले रिर्जव टंकी एव मूल संरक्षण तारवार साथै नपुग पाइप लाइन विस्तार-३८० | आशागुरी खोल्सी धाराखोला मुल खानेपानी तथा स.उ.स. | १००००० |
| चिन्तुटार बृहत खा.पा श्रोत पधेरी खोलाको अधुरो योजना | चिन्तुटार टोल विकास संस्था | १६५००० |
| सुवागैरा सामुदायिक भवन निर्माण-५३३ | चिलाउने सुबा गैह्राटोल विकास सं. | १००००० |

| | | |
|---|---|---|
| बसाहस्थान भ्यू प्वाइन्ट निर्माण-८२३ | वसाहास्थान टोल विकास संस्था | ३३०००० |
| सोतीवेशी खानेपानी योजना १ घर १ धारा-४८७ | सोतिवेसी खानेपानी योजना | १००००० |
| जनसहभागिता नगद÷पूर्वाधार विकास -८१४.१ | धुपखोला टोल ठुलो पधेरा भतेरी भुङभुङ्गे मार्गमा पक्की नाला निर्माण | १६५००० |
| चारतारे चौतारा–सिमलपानी–सिम्ले हुँदै मदी खोला जाने बाटो स्तरोन्नति | चारतारे चौतारा सिमलपानी हुदै मदी खोला जाने बाटो स्तरोन्नती | ९८७६८ |
| स्वास्थ्य संस्थाहरुको भवन मर्मत -७७७ | छिर्कन शहरी स्वास्थ्य चौकी संरक्षण नाला निर्माण उ.स. | १२५००० |
| मालपोत, सिंचाई र हुलाक कार्यालय कम्पाउण्ड पुननिर्माण समेत-नयाँ | मालपोत सिंचाई र हुलाक कार्यालय कम्पाउण्ड पुन: निर्माण तथा देउराली नगर जाने बाटो स्तरोन्नती | ४६२००० |
| देउरालीनगर जाने बाटो स्तरोन्नति-४२० | मालपोत सिंचाई र हुलाक कार्यालय कम्पाउण्ड पुन: निर्माण तथा देउराली नगर जाने बाटो स्तरोन्नती | ४९५००० |
| पुरान्डी गैडापहरा सामुदायिक भवनमा प्लास्टर, रङरोगन र तारवार | पुरनडिही गौडा पहरा टोल भवन निर्माण उपभोक्ता समिति | २६४००० |
| वडा नं.८ कार्यालय परिशरमा मन्दिर पुनर्निमार्ण-नयाँ | वडा नं. ८ कार्यालय परिसरमा मन्दिर पुनर्निर्माण समिति | ३३०००० |
| व्यायमशाला स्तरोन्नति एवं हरियाली प्रवद्र्धन कार्यक्रम*४२५ | व्यायमशाला स्तरोन्नती एवं हरियाली प्रवर्द्धन | १६५००० |
| जम्मा | | २८९९७६८ |
| कुल जम्मा | | ३६६२२६८ |

✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **२५७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१६५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१६५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१६५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४९५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४९५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **३३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ३६,६२,२६८ |

३०.३ **निर्माण व्यवसायीको पेश्कीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम खरिद सम्झौतामा उल्लेख भएको व्यवस्था बमोजिम पेश्की दिन सक्ने व्यवस्था छ। कार्यालयले देहायका निर्माण व्यवसायी, उपभोक्ता समिति तथा व्यक्तिलाई उपलब्ध गराएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म निम्नानुसार फस्र्यौट हुन बाँकी देखिएको छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावली र सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुसार देहायका निर्माण व्यवसायीलाई भुक्तानी भएको पेश्की फस्र्यौट हुनुपर्दछ ।

| पेश्कीको विवरण | पेश्की लिने पक्षको नाम | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|
| १) निर्माण व्यवसायी पेश्की | | | |
| Urban Development Grant दिने-८२६ | विकेएचटिडिसीएल-एसिपिएल जे/भि | | ५१९०६००० |
| एकीकृत जग्गा विकास कार्यक्रम न पा लागत-७९२.१ | एच.आर.बि. शिवदेव जे.भी. | | ७५८६६५ |
| एकीकृत जग्गा विकास कार्यक्रम नगर विकास कोष ऋण-७९२ | एच.आर.बि. शिवदेव जे.भी. | ४५ लाख पे.फ. भएको | २२६५३३५ |
| खड्ककाली मार्ग (चेनेज ०+०००-२+९००) खण्ड वडा नम्वर ११ | देव एण्ड सयरऋषि शक्ति जे.भि. | | ५१२००० |
| बहुउद्देश्यीय भवन निर्माण÷बैरेनी जग्गा विकास पूर्वाधार निर्माण- | एच.आर.बि. शिवदेव जे.भी. | | ५२६६८०० |
| बहुउद्देश्यीय भवन निर्माण÷बैरेनी जग्गा विकास पूर्वाधार निर्माण न.पा. लागत-८०३ | एच.आर.बि. शिवदेव जे.भी. | | २२५७२०० |
| जम्मा | | 0 | ६२९६६००० |

## ३१ धरौटी फिर्ताः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद कार्यको अन्तिम बिल भुक्तानी अन्तर्गत आन्तरिक राजश्व कार्यालयमा आय विवरण पेश गरेको प्रमाणका आधारमा रिटेन्सन मनी भुक्तानी गर्न सकिने व्यवस्था गरेको छ । यस पालिकाको धरौटी फिर्ता सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्।

३१.१ **कर चुक्ता प्रमाण पत्रका आधारमा धरौटी फिर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा नियम १२३ (४) बमोजिम निर्माण व्यवसायीलाई भुक्तानी गर्दा कट्टि गरेको रिटेन्शन मनी बापतको रकम फिर्ता गर्दा निर्माण कार्यको त्रुटि सच्याउने अवधी समाप्त भए पश्चात निर्माण कार्यमा कुनै त्रुटि नदेखिएमा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट कर विबरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ। यस कार्यालयसँग कारोवार गरेका देहाय अनुसारका निर्माण व्यवसायीलाई ठेक्का अनुसारको कार्य सम्पन्न गरी निजलाई भुक्तानी गर्दा कट्टि गरेको रिटेन्सन मनी फिर्ता गर्दा भुक्तानी गरेको रकम प्रमाणित हुने आन्तरिक राजश्व कार्यालयबाट जारी भएको मुल्य अभिबृद्धि कर समायोजन पत्र पेश गर्न लगाई सोका आधारमा भुक्तानी गर्नु पर्नेमा कर चुक्ता प्रमाण पत्रका आधारमा फिर्ता दिएको देखिँदा सो कारोबारको आय विवरण पेश गरी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु

| गो. भौ . मिति | निर्माण व्यवसायी | पेश भएको कागजात | भुक्तानी रकम |
|---|---|---|---|
| १००- ०८१।०९।१२ | व्यास निर्माण सेवा प्रा. ली . | कर चुक्ता | २८२१४ |
| १०९- ०८१।१०।०८ | गण्डकी ट्रेड सप्लायर्स प्रा. ली . | कर चुक्ता | ८५२७७ |
| १५२- ०८१।१२।१४ | एन. एस . अर्थ मुभर्स प्रा . ली . | कर चुक्ता | ४५४६०० |
| १६१- ०८२।०१।१२ | हर्ज ईन्जिनियरिङ प्रा . ली . | कर चुक्ता | १६९६९१ |
| जम्मा | | | ७३७७८२ |

| प्रमाण पेश नगरेको | ७,३७,७८२ |
|---|---|

३१.२ **संयुक्त उपक्रमको धरौटी फिर्ताः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२क) मा संयुक्त उपक्रमलाई त्रुटि सच्याउने अवधी समाप्त भए पछी रिटेन्सन मनी भुक्तानी गर्दा सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश भएपछी मात्र भुक्तानी दिन सकिने व्यवस्था रहेको छ। कार्यालय संयुक्त उपक्रमको रिटेन्सन मनी भुक्तानी गर्दा समेत नियमालीको व्यवस्था विपरित हुने गरी बैंक जमानत पेश गर्न लगाई सोका आधारमा भुक्तानी गरेको पाईयो। यसरी नियमावली विपरित आयविवरण वा कर समायोजन पेश नगरी बैंक जमानतका आधारमा रिटेन्सन मनी फिर्ता गरेका देहाय अनुसारका निर्माण व्यवसायीबाट सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट जारी भएको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा भुक्तानी भएको रिटेन्सन मनी सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनु पर्ने रु.

| ठेक्का नम्बर | निर्माण व्यवसायी | जमानतको म्याद समाप्ति मिति | भुक्तानी रु. |
|---|---|---|---|
| ४२-०७७/०७८ | गौरी पार्वती देव एण्ड सायर ऋषि शक्ति जे.भि. | ०८२।०३।१४ | २२६१०१८ |
| जम्मा | | | २२६१०१८ |

| प्रमाण पेश नगरेको | २२,६१,०१८ |
|---|---|

३२ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध गराउँदछ। पालिकाले स्वीकृत ढाँचामा आवश्यक विवरण देखिने गरी ठेक्का अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार आवश्यक सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३३ **तलब भत्ता भुक्तानीः**

पालिकाले यो वर्ष पालिका तर्फका ६८ र संघीय निजामती सेवा तर्फका १ स्थायी कर्मचारीको तलब भत्तामा पारिश्रमिक कर्मचारी शिर्षकबाट रु. ४४९४४६७१.८८ र सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका स्वीकृत दरबन्दीका स्थायी कर्मचारीको तलब भत्ताको लागि प्राप्त (स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता) शिर्षकबाट रु. ४१८४१९९४.६० खर्च लेखेको छ।

[**द्रष्टब्यः** तलबी प्रतिवेदन पारित नभएकोले तलब भत्ता भुक्तानीको तुलना गर्दा ०८०।८१ को तलबी प्रतिवेदन तथा ०८१ असारको तलबी भरपाइलाई आधारको रुपमा लिइएको छ।]

तलब भत्ता भुक्तानी सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

३३.१ **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेखु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई तलब भत्तामा खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता र ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३३.२ **फरक कृयाकलापमा खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) अनुसार सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्दछ। संघीय सशर्त तर्फको बजेट तोकिएको कार्यमा मात्र खर्च लेखी बाँकी रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा पालिकाले यस वर्ष स्वास्थ्य तर्फ स्थायी कर्मचारीको तलब भत्ता (स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता) को लागि संघीय सरकारबाट प्राप्त सशर्त अनुदानबाट जम्मा रु. ४ करोड १८ लाख ४२

हजार खर्च गरेको मध्ये शर्त र सम्बन्धित शिर्षक भन्दा फरक क्रियाकलापमा तपशिल बमोजिम रु. ३३५५९००.९० खर्च गरेको देखिएकोले स्थानीय सञ्चित कोषबाट संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेस हुनुपर्ने रु.

| स्वास्थ्य तर्फको तलब भत्ता शिर्षकबाट भएको खर्चको विवरण | | | | | |
|---|---|---|---|---|---|
| **तलब भत्ता बापत खर्चको विवरण** | **स्थायी** | **करार** | **थप अन्य भत्ता खर्च** | **जम्मा** | **कैफियत** |
| प्राथमिक स्वास्थ्य सेवा तर्फ | २७३९०९२२.८६ | ६१६७४४८.९० | १४१०८४.९४ | ३३५५८३७१.७६ | तलब, चाडपर्व खर्च, महंगी भत्ता, अन्य भत्ता र पोषाक भत्ता समेत |
| आयुर्वेद स्वास्थ्य सेवा तर्फ | ४३४९०३७.९० | १३९५५००.०० | | ५७४४५३७.९० | |
| **जम्मा खर्च** | **३१७३९९६०.७६** | **७५६२९४८.९०** | **१४१०८४.९४** | **३९४४३९९४.६०** | |
| सशर्त स्वास्थ्य दरबन्दी करारको तलब भत्ता आन्तरिक स्रोतबाट खर्च लेखिएको भनी पालिकाको चालु खर्च खातामा सोधभर्ना तानिएको | तलब भत्ता प्रा.स्वा.से. | १७०००००.०० | | - | भौचर नं. ४२१ - ०८२।०३।०८ |
| | पोषाक भत्ता प्रा.स्वा.से. | १६००००.०० | | - | |
| | तलब भत्ता आ.स्वा.से. | ५२८०००.०० | | - | |
| | पोषाक भत्ता आ.स्वा.से. | १००००.०० | | - | |
| जम्मा सोधभर्ना तानिएको | | २३९८०००.०० | | २३९८०००.०० | |
| **स्वास्थ्य तर्फको तलब भत्ता शिर्षकबाट भएको जम्मा खर्च** | | **९९६०९४८.९०** | | **४१८४१९९४.६०** | |
| सशर्त स्वास्थ्य दरबन्दी करारको तलब भत्तामा हुनुपर्ने खर्च | | ६६०५०४८.०० | पालिका अन्तर्गत सशर्त स्वास्थ्य दरबन्दीमा जम्मा २० जना करार कर्मचारी कार्यरत रहेकोमा संघीय सशर्त स्वास्थ्य शिर्षकबाट बढी खर्च भएको देखिएको। | | |
| **सशर्त स्वास्थ्यतर्फबाट करारको तलब भत्तामा बढी खर्च** | | **३३५५९००.९०** | | | |

| प्रमाण पेश नगरेको | ३३,५५,९०१ |
|---|---|

३३.३ **ग्रेड बापत बढी भुक्तानीः** यस वर्ष पालिकाले तलब भत्ता भुक्तानी गरेको मध्ये स्वास्थ्य तर्फ छैठौँ तहका कर्मचारी श्री मिठुदेवी पौडेलको तलब भत्ता भुक्तानी गर्दा पाउने भन्दा बढी ग्रेड भुक्तानी गरी तपशिल बमोजिम रु. २३८७८.४० बढी भुक्तानी गरेको देखिएकोले सम्बन्धितबाट असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्दछ।

| **ग्रेड दर** | **०८०।८१ मा खाएको** | **०८१।८२ मा पाउने** | **०८१।८२ मा खाएको** | **बढी ग्रेड (साउन र भाद्र)** | **बढी ग्रेड १ वर्षको** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १४५६ | ९ | १० | ११ | १४५६.०० | १४५६.०० | ग्रेड बढ्ने महिना (असोज) |
| क.सं.कोष समेत बढी भुक्तानी रु. | | | | ३२०३.२० | १९२१९.२० | |
| चाडपर्व खर्च बापत बढी भुक्तानी रु. | | | | - | १४५६.०० | |
| **ग्रेड बापत जम्मा बढी भुक्तानी रु.** | | | | २३८७८.४० | | |

| असुल गर्नुपर्ने | २३,८७८ |
|---|---|

३४ **आन्तरिक राजस्व आय तर्फः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक राजस्व आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. १८,००,००,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. २१,४६,५५,२८०.२० राजस्व आम्दानी प्राप्त भएको छ। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

३४.१ **आन्तरिक आयको योगदानः** पालिकाले आर्थिक वर्ष २०८१।८२ मा संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको योगदानको स्थिति देहाय बमोजिम छ।

| संघको वित्तीय हस्तान्तरणबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ९२,३२,७७,६६०.२० | २१,४६,५५,२८०.२० | २३.२५ |

उपर्युक्त विवरण अनुसार यस स्थानीय तहमा प्राप्त संघीय समानीकरण अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २३.२५ प्रतिशत रहेको छ।

३४.२ **पछिल्लो तीन वर्षको आयः** पालिकाको पछिल्लो तीन आर्थिक वर्षको आन्तरिक आय अनुमान र असुलीको तुलनात्मक विवरण निम्नानुसार रहेको छ।

| [रु . हजारमा ] | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आ. व . ०७९।८० | | | आ. व . ०८०।८१ | | | आ. व . ०८१।८२ | | |
| अनुमान | असुली | असुली % | अनुमान | असुली | असुली % | अनुमान | असुली | असुली % |
| २२६००० | १३०८०९ | ५७.९०% | १९६३०० | १५५७४४ | ७९.३४% | ३४८६८६ | २१४६५५ | ६१.५६% |

उपर्युक्त तालिकामा उल्लेखित विवरण अनुसार यस पालिकाको आन्तरिक राजस्व आय सङ्कलनमा अपेक्षाकृत सुधार हुन सकेको देखिँदैन। आर्थिक वर्ष ०७९।८० मा अनुमानको तुलनामा आधा मात्रै राजस्व असुल भएकोमा त्यसपछिका वर्षमा अनुमान रकम कम रहेको कारण असुली प्रतिशत बढ्दै गएको देखिन्छ। आन्तरिक आयको अनुमानलाई यथार्थपरक बनाई र प्रभावकारी रुपले आन्तरिक आय असुल गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३४.३ **कर तथा शुल्क असुली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा स्थानीय तहले एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। सोही बमोजिम पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशील रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको पाइयो।

| क्र.सं. | प्राप्तिको श्रोत | अनुमानित आय | आम्दानी | असुली % |
|---|---|---|---|---|
| १ | १३४११ - अन्य संस्थागत आन्तरिक अनुदान | ७१००००० | २६९३३९४ | ३७.९४% |
| २ | ११३१३ - सम्पती कर | १३०००००० | १११५४६८९.९ | ८५.८१% |
| ३ | ११३१४ - भुमिकर/मालपोत | ७५००००० | ६६९३७८८ | ८९.२५% |
| ४ | ११३१७ - वहाल कर | १७७२८००० | ९७६१९३४.१ | ५५.०७% |
| ५ | ११३१८ - वहाल विटौरी कर | १४८५०००० | ३५९६४० | २.४२% |
| ६ | ११४५१ - सवारी साधन कर (साना सवारी) | ० | १७५८० | - |
| ७ | ११४७९ - अन्य मनोरञ्जन कर | ५००००० | ५९८५१६.८ | ११९.७०% |
| ८ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | ५ | - |
| ९ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ३३५० | - |
| १० | ११६९१ - अन्य कर | १५००००० | ६३४५ | ०.४२% |
| ११ | १३४११ - अन्य संस्थागत आन्तरिक अनुदान | ५००००० | ० | ०.००% |
| १२ | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | २३९५१८०८.६ | - |
| १३ | १४२१२ - सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ० | १०९५ | - |
| १४ | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ३०५४००० | २५४८९०९.३ | ८३.४६% |
| १५ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | १०००००००० | १४८५२४५७.१ | १४८.५२% |
| १६ | १४२२१ - न्यायिक दस्तूर | १००००० | ८३४९० | ८३.४९% |
| १७ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ० | १६४६०० | - |
| १८ | १४२२४ - परीक्षा शुल्क | ५०००० | ७५९४० | १५१.८८% |
| १९ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | १९२६६५३.५ | - |
| २० | १४२४१ - पार्किङ्ग शुल्क | ८००००० | ३९४०७८.१ | ४९.२६% |
| २१ | १४२४२ - नक्सापास दस्तुर | १२६००००० | ११७९०७५६.६ | ९३.५८% |
| २२ | १४२४३ - सिफारिश दस्तुर | १६०००००० | १२३८९३६१ | ७७.४३% |
| २३ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००० | १२३८००० | १२३.८०% |
| २४ | १४२४५ - नाता प्रमाणित दस्तुर | ७००००० | ४२९६८० | ६१.३८% |
| २५ | १४२४९ - अन्य दस्तुर | ७७२००० | १९१०८७११.३ | २४७५.२२% |
| २६ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३५००००० | ४४०२७७.५ | १२.५८% |
| २७ | १४२६३ - जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | ११० | - |
| २८ | १४३११ - न्यायिक दण्ड जरिवाना र जफत | ० | ११०० | - |
| २९ | १४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत | ८४६००० | ४०३३३७९.२ | ४७६.७६% |
| ३० | १४३१३ - धरौटी सदरस्याहा | १०००००० | ५७२५६५.७ | ५७.२६% |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | १३०००००० | ९७८१८०८.५ | ७५.२४% |
| ३२ | १४५२९ - अन्य राजस्व | ० | १०८१३०.६ | - |
| ३३ | १४६११ - व्यवसाय कर | १०००००००० | ५९२७०३९.८ | ५९.२७% |
| ३४ | १५१११ - बेरूजू | ० | ९०५३८७.३ | - |
| ३५ | ११४७२ - बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १५०००००० | ३०००००० | २०.००% |
| ३६ | ११३१५ - घरजग्गा रजिष्ट्रेशन दस्तुर | १५६५८५५०० | ३८३७६८१४.३ | २४.५१% |
| ३७ | १४१५७ - दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ५०००००००० | ३३९६३८८४.१ | ६७.९३% |
| | जम्मा | ३४८६८५५०० | २१४६५५२८०.२ | ६१.५६% |

माथि उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८१।८२ गरेको अनुमानको तुलनामा ६१.५६ प्रतिशत मात्रै राजस्व आम्दानी प्राप्त गरेको छ। कतिपय आम्दानी शिर्षकमा अनुमान नै नगरिएको, कतिपय शिर्षकमा अनुमान नै न्यून गरिएको र कतिपय शिर्षकमा शुन्य असुली भएको देखिँदा यस पालिकामा पहिचान भएका राजस्वका सबै आन्तरिक श्रोतहरु उचित तरिकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन। पालिकाले वडागत रुपमा संकलन भएको राजस्व सम्बन्धित शिर्षकमा समयमै दाखिला गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको यर्थाथपरक अनुमान मार्फत आन्तरिक स्रोतको परिचालनमा अभिवृद्धि गरी आन्तरिक आयबाटै आत्मनिर्भर बन्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३४.४ **उठ्न बाँकी शुल्कः** सम्झौताका शर्त बमोजिम वहाल विटौरी शुल्क असुली हुनुपर्दछ। नगरपालिकाको अभिलेख अनुसार निम्नानुसार बहाल विटौरी शुल्क असुल हुन बाँकी देखिएकोले सम्झौताअनुसार असुल हुनुपर्ने रु.

| सि.नं. | सटर नं. | व्यवसायीको नाम | उठ्न बाँकी रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ई ९ | भरत परियार | ६७९६२ | |
| २ | ई १२ | लिला दर्जी | ३८००० | |
| | जम्मा | | १०५९६२ | |

**द्रष्टव्यः** *सि.नं. १ अन्तर्गत भरत परियारबाट उठ्न बाँकी रु. १४६८०० मध्ये रु. ७८८३८ लेखापरीक्षणको क्रममा असुल भएकोले अब उठ्न बाँकी खुद रकम रु. ६७९६२ लाई मात्रै लगती बेरुजु कायम गरिएको छ।*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०५,९६२ |

३४.५ **सिफारिस र शुल्क असुलीः** वडा तथा पालिकाबाट जारी हुने सिफारिसमा स्थानीय तहको सभाले तोके बमोजिमको शुल्क असुली हुनुपर्दछ। पालिकाको आन्तरिक लेखापरीक्षण नभएको तथा सिफारिस शुल्क दाखिला र सिफारिस सङ्ख्या सम्बन्धमा वडाहरूको चलानी किताब भिडान हुने नगरेकोले वडाहरूबाट भएको सबै सिफारिसमा सिफारिस दस्तुर असुल भएनभएको यकिन गर्न सकिएन। सिफारिस र सिफारिस शुल्क असुलीमा आन्तरिक नियन्त्रण कायम गर्न वडाहरुबाट प्राप्त सिफारिस शुल्क र चलानी किताब बमोजिम सिफारिस सङ्ख्या भिडान हुनुपर्दछ।

३४.६ **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा ब्याबसाय कर प्रयोजनका लागि दर्ता भएका फर्महरुबाट यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापतको व्यवसाय कर रु. ५९२७०३९.८० कर सङ्कलन गरेको देखियो। उठ्न बाँकी व्यावसाय करलाई सेवा प्रवाहसँग अन्तर आवद्धता गरी असुल हुनुपर्ने देखिन्छ। पालिकाको क्षेत्रभित्र

रहेका व्यवसायीहरुको करदाता अभिलेख अद्यावधिक गरेको नदेखिँदा पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी सबै व्यवसायीहरुलाई व्यवसाय करको दायराभित्र ल्याउनुपर्दछ।

३४.७ **सामुदायिक वनबाट आयः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४ (ङ - २) अनुसार स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन संघ तथा प्रदेश कानुनको अधिनमा रही स्थानीय तहको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र पर्ने उल्लेख छ। सोही ऐनको दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोषमा जम्मा गर्नुपर्ने उल्लेख छ। पालिका क्षेत्रभित्र १०६ वटा सामुदायिक वन रहेकोमा ४७ वटा वन समूहले मात्रै पालिकामा कार्ययोजना पेश गरेको पाइयो। यस वर्ष पालिकाले अकला सामुदायिक वनबाट रु. ४३७३३.०० र तीनसाले सामुदायिक वनबाट रु. १०३८३७.३० समेत जम्मा रु. १४७५७०.३० आन्तरिक राजस्व प्राप्त गरेको देखियो। पालिकाले अन्य सामुदायिक वनलाई कार्य योजना पेश गर्न लगाई स्वीकृत गरेको तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकम सम्बन्धमा खोजी गरी राजस्व आम्दानी बाँधेको देखिएन। स्थानीय स्तरमा वन उपभोक्ता समूहको व्यवस्थापन सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था पालना हुनुपर्दछ।

## ३५ नदीजन्य प्राकृतिक श्रोत (ढुङ्गा गिटी बालुवा) उत्खनन तथा बिक्रीः

नगरपालिकाले यो वर्ष विभिन्न ३ वटा ठेक्का तथा अमानतबाट गरी नदीजन्य प्राकृतिक श्रोत (ढुङ्गा गिटी बालुवा) बिक्रीबाट कर बाहेक रु. २३८५३०००.०० असुल गरेको पाइयो। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

३५.१ **आई.ई.ई.को परिमाण र टेण्डर परिमाणः** नदिजन्य पदार्थ ढुंगा गिटी वालुवाको वोलपत्र आह्वान गर्नुपुर्व गरिएको प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदन (आई.ई.ई.) मा तोकिएको परिमाण र नदिजन्य पदार्थको विक्रीको लागी भएको वोलपत्रमा परिमाण गणना गर्दा IEE प्रतिवेदन भन्दा घटी परिमाण हुने गरी सूचना निकालेको पाइयो। यस सम्बन्धमा आई.ई.ई. प्रतिवेदन पश्चात् कार्यालयका प्राविधिकको प्रतिवेदनका आधारमा परिमाण कायम गरिएको भनाई रहेतापनि एकै वर्षमा उत्खनन तथा विक्री गर्न सकिने परिमाण फरक पर्नु उपयुक्त देखिँदैन।

३५.२ **परिमाण नियन्त्रणः** ढुङ्गा, गिट्टी वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ७ मा उत्खनन वा संकलनको परिमाण नियन्त्रण सम्बन्धी ब्यबस्था छ। उक्त दफामा उत्खनन पुर्व प्राविधिक प्रतिवेदन बमोजिम उत्खनन क्षेत्र निर्धारण गर्ने, सम्बन्धित पालिकाबाट नियमित अनुगमन गर्ने अनुगमन गर्दा आई.ई.ई. प्रतिवेदन भन्दा बढी उत्खनन भएकोमा उत्खनन तथा संकलन वन्द गर्न निर्देशन दिने, अनुसुची ४ बमोजिम दैनिक विक्री तथा ढुवानी अभिलेख राख्नुपर्ने, नदी किनार तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी विक्री गर्ने व्यवस्था पालिकाले गर्ने लगायतका व्यबस्था भएकोमा उक्त उक्त व्यहोरा सम्झौतामा समावेश भए तापनी परिमाण नियन्त्रणको व्यवस्था सम्बन्धी कार्य भएको अभिलेखबाट देखिएन। प्राकृतिक श्रोतको अधिक दोहनलाई रोकी पर्यावरणीय सन्तुलन कायम गर्न आई.ई.ई. प्रतिवेदन मापदण्ड तथा सम्झौतामा भएका शर्तहरुको पालना हुनुपर्ने र सो बमोजिम भएको व्यवस्थित अभिलेख राख्ने गर्नुपर्दछ भने प्रविधिमा आधारित नियन्त्रण प्रणालीको विकाश गरी परिमाण नियन्त्रणको व्यवस्था हुनुपर्दछ।

३५.३ **उत्खनन तथा बिक्री व्यवस्थापनः** यस व्यास नगरपालिका क्षेत्र भएर बग्ने सेती नदी, मादी नदीका २९ घाटहरुको उत्खनन तथा विक्रीको लागी प्रारम्भिक वाताबरणीय प्रभाव मुल्याँकन (IEE) भएकोमा IEE प्रतिवेदन अनुसार ५२७१७.४५ घनमिटर र राजश्व परामर्श समितिको २०८१ असोज २१ को प्राविधिकबाट रेखाङ्कन गराइ लिएको प्रतिवेदन वमोजिम ३६४१२.२६ घनमिटर अर्थात ९७८६९५ घन फिट ढुंगा गिट्टी वालुवा नदिजन्य पदार्थ विक्रीको लागी ३ प्याकेजमा साविकको न्युनतम कवोल अंक रु. ८८०८२५५.२२ मा घटाई पुनः कायम रु. ७०४६६०४.१४ मा तेस्रो पटकमा कर वाहेक थ्रेट कन्सट्रक्सन प्रा.ली. ले रु. ७०४८००० मा कवोल गरेको छ भने सेती मादी नदिको पुलदेखी कलेस्ती झोलुङ्गे पुलसम्म र कलेस्ती झोलुङ्गे पुल देखी सिसाघाट खण्ड सम्मको प्याकेजमा साविकमा

ठेक्का व्यवस्थापन भएकोमा २ पटक सम्म सूचना प्रकाशन गर्दा समेत कुनै पनि वोलपत्रदाताले प्रस्ताव पेश नगरेकोले तेस्रो पटक न्युनतम अंक रु. २५६४२६२५ कायम गरी सूचना प्रकाशन गरेकोमा कुनै पनि वोलपत्र दाताले प्रस्ताव पेश नगरेकोले पुनः चौथोपटक सूचना गर्दा समेत कुनै प्रस्ताव नपरेपछी उक्त प्याकेजको कलेस्ती पुलदेखी शिशाघाट मादी नदी पुलसम्मको खण्ड मात्रै १४७४५३२५६ घन मिटरको लागी न्युनतम कवोल अंक १३२७०७९३.०४ कायम गरी सूचना प्रकाशन भएकोमा सवैभन्दा बढी कवोल गर्ने थ्रेट कन्सट्रक्सन प्रा.ली. को कर वाहेक १३४००००० प्रस्ताव स्वीकृत भई चौथो पटकको सूचनामा प्रकाशन भएवमोजिम ठेक्का नलागेको अवधीमा अमानतबाट उठाएको रु. ४९९७३०० घटाई त्यसमा अमानतमा उठाउँदा लागेको खर्च रु. २९०२७० थप गरी रु. ८६९२२७० मा अग्रिम कर तथा मु.अ. कर समेत असुली भई दाखिला भएको छ भने यो प्याकेजको १ खण्ड र चापाघाट मादीको पक्की पुलदेखी शिशाघाट मादीनदिको पुलसम्म ठेक्का लाग्न सकेको देखिँदैन।

३५.४ **प्याकेजिङ्गः** आय ठेक्का लगाउँदा ठूला प्याकेजिङ्ग गरेको कारण साना व्यवसायी संलग्न हुन समस्या देखिएको वा अन्य कारण हो, पटक-पटक सूचना गर्दा समेत कवोल कर्ता नआएको अवस्थामा ठेक्काको प्याकेजिङ्ग लगायतका कारणले ठेक्का लाग्न नसकेको हो राजश्व परामर्श समितिले त्यसको कारण पत्ता लगाई समयमै ठेक्का व्यवस्थापन हुने वातावरण वनाउनुपर्ने देखिन्छ।

३५.५ **राजस्व बाँडफाँटः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **९,८३८,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३६ **फरक कृयाकलापमा खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ। सशर्त तर्फको बजेट सोही शिर्षकको क्रियाकलापमा खर्च गरी खर्च नभई बाँकी रहेको रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ। पालिकाले यस वर्ष संघीय सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गतको विभिन्न शिर्षकमा विनियोजित बजेटबाट फरक क्रियाकलापमा तपशिल बमोजिम रु. ४४१००.०० खर्च गरेको पाइयो। सशर्त अनुदान अन्तर्गत विनियोजित बजेट फरक क्रियाकलापमा खर्च गरेको नियमसम्मत नदेखिएकोले आगामी दिनमा यस्तो खर्चमा नियन्त्रण गर्ने प्रतिबद्धता सहित नियमित हुनुपर्दछ।

| संघीय सशर्त अन्तर्गतको शिर्षकबाट फरक क्रियाकलापमा भएको खर्चको विवरण | | | | |
|---|---|---|---|---|
| क.सं. | विनियोजित शिर्षक | खर्चको विवरण | खर्च रु. | कैफियत |
| १ | आप्रवासी स्रोतकेन्द्र सञ्चालन तथा व्यवस्थापन | प्रशासकीय अधिकृतको मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम सम्बन्धी पोखरा भ्रमणको भत्ता भुक्तानी | ११४०० | १३ - ०८१।०६।०७ |
| २ | सञ्चालित रोजगार आयोजनाको अनुगमन तथा निरीक्षण | कार्यालय सम्बन्धी काममा काठमाण्डौं भ्रमणको भत्ता भुक्तानी | १०५०० | ३८ - ०८१।०६।१५ |
| ३ | माध्यमित तह (९ - १०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षा अधिकृतको दैनिक भ्रमण भत्ता भुक्तानी | २२२०० | ५२० - ०८२।०३।२४ |
| | | जम्मा रु. | ४४१०० | |

| अनियमित भएको | ४४,१०० |
|---|---|

३७ **तालिम खर्चः**

तालिम तथा कार्यक्रम संचालन गर्दा तोकिएको लक्ष्य तथा उद्देश्य हासिल हुने गरी संचालन गर्नु पर्दछ। व्यास नगरपालिका प्रशासकीय कार्यविधि(खर्च मापदण्ड नियमित गर्ने),२०७९ को नियम ३ मा कुनै पनि तालिम कार्यक्रम सञ्चालन गर्दा प्रस्तावना स्वीकृत गराउनुपर्ने र नियम ४ मा प्रतिवेदन पेश गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रेहेको छ।नगरपालिकाले सञ्चालन गरेको निम्न तालिममा कार्यविधि विपरीत प्रतिवेदन पेश नगरी भुक्तानी गरेको देखियो।नगरपालिकाले सञ्चालन गरेको तालिममा प्रशिक्षार्थी छनोटका आधार तथा प्रशिक्षकको योग्यता स्पष्ट रूपमा उल्लेख नगरेकाले छनोट प्रकिया पारदर्शी भएको भन्न सकिने अवस्था देखिएन साथै कोटेशन प्रकियाबाट छनोट गरिएका तालिम प्रदायकले तालिम संचालनका लागि नियुक्त प्रशिक्षकहरूको योग्यता, अनुभव तथा प्रमाणित कागजात नखुलाएकाले तालिमको गुणस्तर सुनिश्चित भएको यकिन गर्न सकिएन।कार्यविधी विपरित भुक्तानी भएको निम्न तालिमको अनुगमन प्रतिवेदन सहितको कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेश गर्नुपर्ने रू.

| गो.भौ.नं./मिति | तालिम | तालिम प्रदायक | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १७३१-०८२/२/६ | सिलाई कटाई तालिम | स्पीड सोलुसन नेपाल प्रा.ली. | ३९७८५० | अनुगमन प्रतिवेदन नभएको,तालिम सम्पन्न प्रतिदेन नभएको,सहभागी छनोटको आधार स्पष्ट नभएको,प्रशिक्षकको योग्यता नखुलेको |
| १७४६-०८२/२/६ | सिलाई कटाई तालिम | वडा महिला समन्वय समिति व्यास | १७०००० | |
| १९९५-०८२/३/८ | हलुका सवारी चालक तालिम | ससगण्डकी मल्टी टेक्निकल सेन्टर | २८०१५० | |
| जम्मा | | | ८४८००० | |

| प्रमाण पेश नगरेको | ८,४८,००० |
|---|---|

### ३८ स्वीकृत सिमा र शिर्षक बाहिरको खर्चः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। उक्त व्यवस्था अनुसार विनियोजित रकम सोही शिर्षक र प्रयोजनमा मात्र खर्च गर्नुपर्दछ। सोहि बमोजिम नगरपालिकाले नगरसभाबाट स्विकृत वार्षिक बजेटको परिधिभित्र रहि खर्च गर्नुपर्नेमा यस आर्थिक वर्षमा विनियोजित शिर्षकबाट नगरसभाबाट अनुमोदन नगराई फरक शिर्षकमा निम्नानुसार खर्च गरेको रु. १३५४२४१.०० नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रू.

| गो.भौ.नं. /मिति | शिर्षक | खर्चको प्रयोजन | खर्च रू. |
|---|---|---|---|
| २४०-०८१।१०।७ | गत आ.व. को भुक्तानी दिन बाँकि | प्राविधिक सामाग्री खरिद वापतको भुक्तानी | २५३६६८ |
| १८८-०८१।०९।९ | | विद्युतिय सामाग्री खरिद वापतको भुक्तानी | १२९३९१.६८ |
| २४२-०८१।१०।७ | | कार्यालय सामाग्री खरिद वापतको भुक्तानी | ९५९८७ |
| १३१-०८१।०८।२० | | वसन्ती मार्ग सडक कालोपत्रे योजनाको रकम भुक्तानी | १३०००० |
| ६४-०८१।०६।११ | | मुल्याङ्कन समितिको वैठक भत्ता | ९६००० |
| ४७७-०८१।०६।२२ | फोहोरमैला व्यवस्थापन लागि आवश्यक सामाग्री खरिद | सरसफाई कर्मचारीको तलब भुक्तानी | २५५०० |
| २२७५-०८२।०३।२४ | | सरसफाइ कर्मचारीको पोशाक रकम भुक्तानी | ९८६९६ |
| ८३६-०८२।०९।१२ | विपद् पूर्व तयारी एवम प्रतिकार्य व्यवस्थापन | कार्यालय सामाग्री खरिद | ८८१४० |
| १२७६-०८१।११।१८ | महिला,युवा,सिप विकास तालिम | नव युवा क्लव फुटबल प्रतियोगिता खर्च | ३५००० |
| २१०१-०८२।०३।१३ | प्राकृतिक स्रोत राजस्व वाडफाँड फिर्ता | तालिम सञ्चालन | ७२३५० |
| २११७-०८२।०३।१३ | कृषि सम्वन्धि कार्यक्रम सञ्चालन | सागबारी कूलो निर्माण योजना | १६९७५८ |
| २१६५-०८२।०३।१७ | विपद् व्यवस्थापन कोष | सवारी साधन मर्मत खर्च | ५९९९९ |
| २१६५-०८२।०३।१७ | प्लास्टिक झोला मुक्त अभियान कार्यक्रम सञ्चालन | सवारी साधन मर्मत खर्च | ९९७५१ |
| | जम्मा | | १३५४२४१ |

| अनियमित भएको | १३,५४,२४१ |
|---|---|

### ३९ नर्म्स भन्दा बढी दरमा भुक्तानीः

पालिकाले चालु प्रकृतिका खर्च मितव्ययी र प्रभावकारी ढङ्गले गरी वित्तिय अनुशासन कायम गर्नुपर्दछ।व्यास नगरपालिका प्रशासकीय कार्यविधि(खर्च मापदण्ड नियमित गर्ने),२०७९ को नियम २१ बमोजिमको अनुसूची ३ मा बैठक बापत वडा कार्यालयमा प्रतिसहभागी खाजा/ सादा खाना वापत रू १५० र मासु खाना बापत रू ३०० खर्च लेख्नुपर्ने व्यवस्था छ।पालिकाका वडा सचिवद्वारा निम्न मितिमा वडा वैठक खर्च सोधभर्ना लिँदा पालिकाले तोकेको दर रेट भन्दा बढी खर्च लेखेकोले गर्नुपर्ने खर्च सम्बन्धित कर्मचारीबाट असुल हुनु पर्ने

रू

| वडा नं. | गो.भौ.नं./मिति | सेट | नर्म्स अनुसार | विल अनुसार | बढी भुक्तानी | वडा सचिव |
|---|---|---|---|---|---|---|
| ७ | ६७२-२०८१/८/७ | १८६ खाजा | १५० | ३५० | ३७२०० | दुर्गा प्रसाद पौडेल |
| | | २२ मासु खाना | ३०० | ४५० | ३३०० | |
| | ८७७-०८१/९/२७ | ३४ खाजा सेट | १५० | ३५० | ६८०० | |
| ६ | ७६३-०८१/८/२९ | १४ मासु खाना | ३०० | ३५० | ७०० | पदम बहादुर थापा |
| | १४३२-०८१/१२/१२ | १५ मासु खाना | ३०० | ३५० | ७५० | |
| | १७२९-०८२/२/५ | १४ मासु खाना | ३०० | ३५० | ७०० | |
| १२ | ७६४-०८१/८/२४ | ७१ सादा खाना | १५० | २५० | ७१०० | नवराज कडेल |
| | १३८०-०८१/१२/७ | ३५ खाजा सेट | १५० | २५० | ३५०० | |
| ११ | ८८२-०८१/९/८ | ४६ खाजा सेट | १५० | २०० | २३०० | |
| | १५४४-०८१/१/५ | २१ मासु खाना | ३०० | ३५० | १०५० | मिना लामिछाने |
| ३ | ९१५-०८१/९/२३ | ५१ खाजा सेट | १५० | ३५० | १०२०० | सावित्री आचार्या |
| १ | ११५४-०८१/१०/२९ | १८ खाजा सेट | १५० | ३०० | २७०० | अर्जुन कुमार श्रेष्ठ |
| | | १८ मासु खाना | ३०० | ३५० | ९०० | |
| | १४३९-०८१/१२/१३ | १२ खाजा सेट | १५० | २५० | १२०० | |
| | | २४ मासु खाना | ३०० | ३५० | १२०० | |
| | १८८५-०८२/२/३० | २८ खाजा सेट | १५० | ३०० | ४२०० | |
| | | ५६ मासु खाना | ३०० | ३५० | २८०० | |
| | २१४५-०८२/३/१५ | १८ खाजा सेट | १५० | ३०० | २७०० | |
| | | १८ मासु खाना | ३०० | ३५० | ९०० | |
| ५ | १२०२-०८१/११/४ | ३२ खाजा सेट | १५० | ३५० | ६४०० | विश्वनाथ पौडेल |
| | १५२३-०८२/१/२ | ४४ खाजा सेट | १५० | २५० | ४४०० | |
| १४ | १३०६-०८१/११/२१ | २११ खाजा | १५० | २०० | १०५५० | शंकरदेव पौडेल |
| | १५५१-०८२/१/७ | ५४ खाजा सेट | १५० | २०० | २७०० | |
| ४ | १४७५-०८१/१२/१७ | १० खाजा सेट | १५० | ४२० | २७०० | सुमित्रा वराल |
| | | १० खाजा सेट | १५० | ३५० | २००० | |
| | २०९१-०८२/३/१२ | ३० खाजा सेट | १५० | ३०० | ४५०० | |
| | | १८ खाजा सेट | १५० | ४२० | ४८६० | |
| | | १० खाजा सेट | १५० | ३७० | २२०० | |
| | बढी भुक्तानी रू. | | | | १३०५१० | |

| असुल गर्नुपर्ने | १,३०,५१० |
|---|---|

४० **परासर मार्गः**

(वुल्दीखोला वेलटारी फरकचौर अधेरी भञ्जयाङ पोखरेल फाँट कुमाल गाउँ समता स्कुल कलेस्ती सडक) को १०.५५ कि.मि. सडक स्तरोन्नति कार्यको लागी निर्माण व्यावसायी वि.के.एच.टि.डि.सि.एल. – ए.सि.पि.एल. जे.भी. सँग २०८२ असार मसान्तमा कार्यसम्पन्न गरी मु.अ. कर र प्रोभिजनल सम समेत रु. ४०८३३५९२१.३३ को सम्झौता मूल्यमा मिति २०८१.०१.१६ मा सम्झौता भएकोमा शुरु म्याद समाप्त हुने समयसम्म पाचौँ चालु बिल सम्म जम्मा रु. ६४१६२५९४.०० (१५.७१ प्रतिशत) को कार्य भएको पाइयो। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

४०.१ **न्यून प्रगतीः** यस आर्थिक बर्षको अन्त्यसम्म आयोजनाको शुरु सम्झौता अवधी शत प्रतिशत समय समाप्त हुँदा आयोजना भौतिक प्रगती १५.७१ प्रतिशत भएको छ भने सोही अवधीमा परामर्श तर्फ परामर्शदाता विओटेक- जिओइसि जे.भी. सँग भएको सम्झौता रु. २९८१५१००.०० भएकोमा सो अवधीमा रु. २४८०३४०८.६४ खर्च भई परामर्श तर्फ ८३.१९ प्रतिशत खर्च भएको छ। आयोजनाको न्युन प्रगती हुनुमा निर्माण व्यावसायीले निर्माण स्थलमा निर्माण स्थलको आवश्यकताअनुसार परिचालित नहुनु, संयुक्त उपक्रममा लिडिङ्ग पार्टनर कार्यालयमा परिचालित नहुनु अख्तियार प्राप्त स्थानीय निर्माण व्यवसायीले श्रोत साधनको उपयुक्त व्यवस्थापन तथा परिचालन गर्न नसक्नु, आयोजनाको डिजाइन तथा सुपरभिजनको जिम्मा पाएको परामर्शदाताबाट समेत दक्षतापुर्वक आयोजना संचालन गर्न नसक्नु प्रमुख कारण देखिन्छ। लेखापरीक्षणको क्रममा मिति ०८२।०९।०३ मा स्थलगत अवलोकन गर्दा परामर्शदाता तथा निर्माण व्यवसायीका विदेशी पार्टनर कसैको पनि उपस्थिति देखिएन। वोलपत्रमा उल्लिखित न्युनतम योग्यता अनुभव र टर्न ओभर पुर्‍याउन विदेशी फर्मसँग संयुक्त उपक्रममा वोलपत्र प्रक्रियामा सहभागी हुने तर निर्माण चरणमा कार्यस्थलमा परिचालन नहुँदा वैदेशिक निर्माण व्यवसायीको प्राविधिक ज्ञान तथा व्यवस्थापकीय क्षमता हस्तान्तरणमा समेत असर परेको छ। ठेक्का सम्झौताका शर्त तथा खरिद सम्बन्धी ऐन तथा नियमानुसार कार्यसम्पन्न हुन सम्बन्धित पक्षको ध्यान जानुपर्दछ।

४०.२ **म्याद थपः** निर्माण व्यावसायी र कार्यालयबीच भएको सम्झौताका शर्त बमोजिम समयमै कार्यसम्पन्न हुनुपर्दछ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम म्याद हुने पर्याप्त र प्रमाणित कारण भएमा मात्र म्याद थप हुनुपर्दछ। कार्यपालिकाले यस योजनाको म्याद कार्यपालिकाको मिति २०८२।०३।२२ को निर्णयले परामर्शदाताको सिफारिश बमोजिम २०८२ पौष मशान्त सम्म म्याद थप भएको छ। म्याद थप गर्दा खानेपानी पाइपको प्रतिस्थापन, प्रतिकूल मौसम, चाडवाड (दशैँ, तिहार, छठ) कामदारको मृत्युको कारण देखाई २२५ दिन माग भएकोमा परामर्शदाताको सिफारिशमा १८३ दिन म्याद थप भएको छ। म्याद थप माग भएका कारणहरु मध्ये कामदारको सुरक्षा चाडबाडको विचको कार्यतालिका पालना, खानेपानी पाइप प्रतिस्थापन जस्ता कार्यहरु निर्माण व्यवसायी कै दायित्व र व्यवस्थापकीय कार्य भित्र पर्ने सम्झौताको GCC को शर्त २६ र ५० मा उल्लेखित क्षतिपुर्तिजन्य घटना र भेरिएशन समेत नभएको अवस्थामा र अन्य कारणहरु समेत प्रमाणीक देखिदैन। सम्झौताका शर्तबमोजिम समयमा कार्यसम्पन्न नहुँदा परामर्श खर्च लगायत निर्माण लागत बढ्ने तथा आमनागरिकले समेत विकासको प्रतिफल प्राप्तीमा ढिलाई हुने तथा पालिकालाई थप लागत बढ्ने देखिँदा सार्वजनिक खरिद सम्बन्धि प्रचलित कानुन तथा सम्झौताका शर्त बमोजिम शिघ्र कार्यसम्पन्न हुनुपर्दछ।

४०.३ **बीमा दावीः** आयोजना कार्यान्वयन समयमा आइपर्ने संभावित जोखिम न्युनीकरण गरी आयोजना कार्यान्वयनको निर्माण कार्य श्रमिक तथा अन्य कामदारको सम्झौताको शर्त वमोजिम विमा हुनुपर्ने व्यवस्था वमोजिम यस योजना (ठेक्का) को सम्बन्धमा निर्माण व्यावसायीले हिमालयन जनरल इन्स्योरेन्ससँग विमा गराएको विमा पोलिसी पेश गरी विमा आइटमको भुक्तानी लगेको देखिन्छ। मिति २०८२.०१.२८ मा निर्माण स्थलमा एक मजदुरको मृत्यु भएकोमा विमा दावी सम्बन्धमा विभिन्न पत्राचारहरुको अभिलेख हेर्दा हालसम्म विमा वापतको दावी भुक्तानी भएको देखिदैन। कार्यपालिकाले च.नं. १४३ मिति २०८२.०४.१३ मा नेपाल शहरी शासकीय तथा पुर्वाधार आयोजना ववरमहल काठमाडौलाई गरेको पत्राचार अनुसार मृतक कामदार विमा कम्पनीले विमामा उल्लेख नगरेकोले मृतकको विमा दावी नपुग्ने तर सामुहिक विमामा पर्ने उल्लेख भएतापनि हालसम्म विमा दावी भुक्तानी भएको पाइएन। सम्झौताका शर्तहरु कार्यान्यिन हुनुपर्दछ।

४०.४ **स्थलगत अवलोकनः** लेखापरीक्षणको क्रममा योजना शाखा र कार्यालयका प्राविधिक कर्मचारी समेत संलग्न लेखापरीक्षण टोलीबाट मिति २०८२।०९।०३ मा स्थलगत अवलोकन गर्दा घाँसीकुवा नजिक खोल्सीमा कल्भर्ट बनाउँदै गरेको सडक खण्डको विभिन्न चेनेजमा ग्राभेल कार्य भएको कतिपय ठाउँमा पर्याप्त कटिङ्ग कार्य बाँकी रहेको, नालीको काम भएको देखिन्छ। कार्य प्रगती न्युन भएको यस योजनामा निर्माण व्यवसायीको परिचालन पर्याप्त मात्रामा नदेखिएको, १ बर्षमा कार्य सम्पन्न गर्नको लागी विड डकुमेन्ट सोही बमोजिम उपकरण तथा मेशिनरी टर्न ओभर लगायतको प्राविधिक दक्षता तथा क्षमताको व्यवस्थापन गर्नुपर्ने व्यवस्था वमोजिम उक्त मापदण्ड पुरा गर्न विदेशी निर्माण कम्पनीसँग संयुक्त उपक्रममा वोलपत्र पेश गरी छनौट हुने तर फिल्डमा कार्य गर्ने समयमा विदेशी कम्पनीको प्राविधिक, व्यवस्थापकीय तथा उपकरण लगायतको योगदान स्थलगत अवलोकनको क्रममा देखिएन। लेखापरीक्षणको क्रममा परिचालित उपकरणमा रोलर-१, ट्याङ्कर-२, ट्रिपर-२, मिक्सचर-५, ट्र्याकटर-१, जे.सि.वि.-२ फिल्डमा देखिएको, अस्फाल्ट प्लान्ट जडानको क्रममा रहेको पाइयो। त्यस्तै परामर्शदाताको तर्फबाट एक जना प्राविधिक ७+३०० मा क्रस ड्रेनेज निर्माण भएको स्थानमा भेटिएकोमा अन्य चेनेज लगायत सो चेनेजमा कार्यरत कामदारबाट सुरक्षा सामाग्री प्रयोग बेगर नै काम गरेको पाइयो। समता स्कुलबाट कलेस्ती चोक सम्मको नाली निर्माण गरेको स्थान र शिवालय मन्दिर नजिक पर्खाल निर्माण गरेको स्थानमा Bank filling को काम बाँकी देखिएकोले कुनै दुर्घटना हुन सक्ने देखिँदा फिलिङ्ग कार्य यथाशिघ्र हुनुपर्ने दखिन्छ भने निर्माण व्यवसायीबाट निर्माण कार्यमा ढिलाई देखिँदा फिलिङ्ग कार्य यथाशिघ्र हुनुपर्ने देखिन्छ। भने निर्माण व्यवसायीबाट निर्माण कार्यमा ढिलाई देखिँदा सम्झौतानुसार तोकिएको स्पेशिफिकेशन बमोजिमको गुणस्तरमा सम्झौताका शर्त बमोजिम शिघ्र कार्यसम्पन्न हुनुपर्दछ।



पराशर मार्ग, व्यास नगरपालिका - तनहुँ

४०.५ **परामर्श खर्चमा सोधभर्नायोग्य खर्चको भुक्तानीः** नेपाल शहरी शासकीय तथा पुर्वाधार आयोजना (NUGIP) कार्यक्रम अन्तर्गत यस पालिकामा संचालनमा रहेको पराशर मार्ग स्तरोन्नतिको डिजाइन एण्ड सुपरभिजन कार्यको लागी परामर्शदाता BOTEK BOSPHORUS TECHNICAL JV GOEC NEPAL Pvt. Ltd. सँग मु.अ. कर समेत रु. २९८१५१०० सम्झौता भएकोमा मुल्य समायोजन समेत यस आ.व. को अन्त्य सम्म सातौ चालु विलसम्म रु. २४८०३४०८.६४ भुक्तानी भएको छ।

परामर्शदाता सँग भएको सम्झौतामा परामर्शदाताको भुक्तानी गर्दा परामर्शदाताले कवोल गरे वमोजिम तोकिएमा जमानतीको उपयोग भएको इनपूट अनुसार सम्झौताको दर वमोजिम भुक्तानी हुने र अन्य खर्च सोधभर्ना योग्य भुक्तानी हुने देखिन्छ। सोधभर्ना योग्य खर्चको भुक्तानी खर्च प्रमाणित हुने विल भरपाई पेश हुनुपर्नेमा खर्च प्रमणित हुनुपर्ने विल भरपाई वेगर आइटम दरमा भुक्तानी पाइयो। सातौ चालु विलसम्म निम्नानुसार रु. ३३०००२०.०० भुक्तानी भएको पाइयो। सोधभर्ना योग्य भुक्तानी प्रमाणित हुने विल भरपाई वेगर भुक्तानी हुने वास्तविक सोभभर्ना योग्य खर्च यकिन हुन नसकेकोले घरभाडा तथा मोटरसाइकल भाडा भुक्तानीमा १० प्रतिशतले हुने वहालकर रु. १९०४३०.०० असुल गरी अन्य खर्च प्रमाणित हुने निम्न भरपाई पेश हुनुपर्ने रु.

| खर्च विवरण | सातौं निकासाका लागि | कट्टि हुनुपर्ने बहालकर |
|---|---|---|
| होटल खर्च समेत दैनिक भ्रमण भत्ता | ५४००० | - |
| भ्रमण खर्च | १३५००० | - |
| कार्यालय खर्च (घरभाडा) | ८३१५०० | ८३१५० |
| खरिद वा भाडाको उपकरण | ४६५६४० | - |
| संचार | २६६०८० | - |
| छपाइ तथा प्रतिवेदन तयारी | ४७५००० | - |
| मोटरसाइकल भाडा | १०७२८०० | १०७२८० |
| जम्मा | ३३०००२० | १९०४३० |

| प्रमाण पेश नगरेको | ३३,००,०२० |
|---|---|

४१ **डि.पि.आर. खर्चः**

पालिकाले खिरखादी खोला बेनीकोट भञ्ज्याङ्ग झाक्रिथान लफ्टिङ्ग खानेपानी योजना तथा मोदी खोला मो.पु. र कैलेश्वर मार्ग मोटरेवल पुलको सम्भाव्यता अध्ययन गर्न दुईवटा परामर्शदाताबाट सम्भाव्यता अध्ययनको लागी सेवा लिएको पाईयो । परामर्शदाताले पेश गरेको सम्भाव्यता अध्ययन अनुसार दुई वटा मोटरेवल पुलको निर्माण गर्न रु. १६५१५३७९२.२५ खर्च लाग्ने र लिफ्टिङ्ग खानेपानी आयोजनाको निर्माणको लागी रु. ५८७७३०३०.७३ खर्च लाग्ने गरी प्रतिवेदन पेश गरेको पाईयो । सम्भाव्यता अध्ययनको लागी पालिकाले रु. १४८७०३०.०० खर्च लेखेको भए तापनि सो संरचना निर्माणको लागी स्थानीय तहबाट बजेट व्यवस्था गरी निर्माण कार्यको प्रकृया सुरु गरेको देखिएन । सम्भाव्यता अध्ययन गरेको लामो समयसम्म कार्य प्रारम्भ हुन नसकेमा भौगोलिक अवस्था अन्य प्राकृतिक परिवर्तको कारण पुन अध्ययन गर्नु पर्ने र सोही कार्यको लागी दोहोरो खर्च हुने अवस्था आउने हुदा परामर्शदताले तयार गरी पेश गरेको प्रतिवेदन अनुसार देहायका संरचना निर्माणको कार्य प्रारम्भ गर्न पालिकाले विशेष ध्यान दिनु पर्दछ।

| क्र.सं. | डी.पि.आर. गरेको योजना | परामर्शदाता | भुक्तानी रकम | डिपिआर अनुसारको ला.अ. |
|---|---|---|---|---|
| १ | मोदी खोला मोटरेवल पुल | नियात्रा कन्सल्टेन्ट | ११८८७३० | ८४६१०७६८.९४ |
| २ | कैलेश्वर मार्ग मोटरेवल पुल | | | ८०५४३०२३.३१ |
| ३ | खरिखादी खोला बेनीकोट भञ्याङ्ग झाँक्रिथान लिफ्टिङ्ग खा. पा. | जेनेक्स ईन्जिनियरिङ्ग सोलुसन | २९८३०० | ५८७७३०३०.७३ |
| | | जम्मा | १४८७०३० | २२३९२६८२२.९८ |

४२ **मर्मत सम्भार खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ। सोही बमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले सवारी साधन मर्मत गर्दा लागत अनुमान नबनाई सिधै खर्च गरेको छ। पालिकाले यस वर्ष सवारी साधन तथा मेशिनरी औजार मर्मतमा रु. ६० लाख ९४ हजार खर्च लेखेको छ। मर्मत सम्भार सम्बन्धी खर्च गर्दा प्रचलित नियमको पालना गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

४३ **शिक्षा तर्फः**

स्थानीय सरकार सञ्चालन ऐन - २०७४ को दफा ११ को उपदफा २(ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ। पालिकाको शिक्षा तर्फ मुख्यतया निम्न बेहोरा देखिएका छन्।

**क) शिक्षक विद्यार्थी अनुपातः** पालिकामा जम्मा ७९ विद्यालय रहेकोमा ती विद्यालयमा रहेका शिक्षक दरबन्दी र विद्यार्थी संख्याको अनुपात देहाय बमोजिम रहेको छ।

| विद्यालय संख्या | विद्यार्थी संख्या | प्रति विद्यालय औसत विद्यार्थी | शिक्षक दरबन्दी | शिक्षक पदपूर्ति | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| ७९ | १०७२७ | १३५.७८ | ६०१ | ६०१ | (करिब) १:१८ |

**ख) प्रति विद्यार्थी लागतः** पालिकामा रहेका ७९ विद्यालयमा पालिकाले यस वर्ष गरेको निकासाको आधारमा पालिकाको प्रति विद्यार्थी औसत लागत देहाय बमोजिम रहेको छ।

| विद्यार्थी संख्या | वार्षिक निकासा रकम रु. | | | | | प्रति विद्यार्थी औसत लागत |
|---|---|---|---|---|---|---|
| | शिक्षक/कर्मचारी तलब भत्ता | दिवा खाजा | पाठ्य पुस्तक | अन्य | जम्मा निकासा | |
| १०७२७ | ३७६५९८८८० | १०२४०२२० | ५५४६५५९ | ६१०५५६२७ | ४५३४४१२८६ | ४२२७१.०३ |

भौगोलिक विकटता र बढ्दो बाह्य बसाइँसराइको कारण शिक्षक विद्यार्थी अनुपात न्यून तर प्रति विद्यार्थी वार्षिक औसत लागत उच्च देखिएको अवस्थामा विकट ग्रामीण क्षेत्रमा बसोबास गर्ने र स्थानीय सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने गरी सामुदायिक विद्यालयहरुको सञ्चालन, व्यवस्थापन र नियमन गर्ने तर्फ पालिका गम्भीर भएर लाग्नुपर्दछ।

४४ **दिवाखाजाका लागि विद्यालयलाई अनुदानः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.११.१ - तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान अन्तर्गत स्थानीय तहले प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी प्रतिदिन रु. १५ का दरले विद्यालयमा उपस्थित भएको दिनमा मात्र एक वर्षमा बढीमा १८० दिनको दिवा खाजा बापतको रकम सम्बन्धित विद्यालयलाई उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकामा दिवा खाजा कार्यक्रमको लागि यस वर्ष विनियोजन भएको रकमबाट पालिकाले बालविकास देखि ५ कक्षा सम्म अध्ययनरत ४२३६ जना विद्यार्थीको दिवा खाजा बापत ७९ वटा सामुदायिक विद्यालयलाई जम्मा रु. १ करोड २ लाख ४० हजार निकासा गरेको छ। दिवा खाजा कार्यक्रमको नियमित अनुगमन गरी प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन हुनुपर्दछ।

४५ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

पालिकाले यस वर्ष विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान स्वरुप ४ वटा विद्यालयलाई भौचर नं. ४६२ - ०८२।०३।१७ बाट तपशिल बमोजिम रु. २६०००००.०० भुक्तानी गरेको छ।

| क्र.सं. | विद्यालयको नाम | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|
| १ | भानु मा.वि. | ६५०००० | पुस्तकालय तथा आइसिटी ल्याब व्यवस्थापन |
| २ | इन्दु मा.वि. | ६५०००० | |
| ३ | अमरज्योति मा.वि. | ६५०००० | विज्ञान प्रयोगशाला व्यवस्थापन |
| ४ | सिद्धबेनी मा.वि. | ६५०००० | |
| | जम्मा | २६००००० | |

**कार्यसम्पन्न नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान स्वरुप विज्ञान प्रयोगशाला व्यवस्थापनको लागि अमरज्योति मा.वि.लाई रु. ६५०००० निकासा दिएकोमा स्थलगत लेखापरीक्षणको अवधि २०८२ मंशिर मसान्त २८ सम्म पनि उक्त विद्यालयले कार्यसम्पन्न गरी बिल, भरपाई, प्रमाण र कागजात पालिकामा पेश गरेको र पालिकाले अनुगमन तथा मूल्याङ्कन गरेको देखिएन। तसर्थ विद्यालयमा अनुदान बापत निकासा भएको रकमको

खर्च पुष्टी हुने बिल, भरपाई तथा पालिकाबाट सोको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन प्रमाण स्वरुप पेश हुनुपर्दछ अन्यथा असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

४६ **विद्यालयको कोष सञ्चालनः**

शिक्षा नियमावली - २०५९ को नियम १६९(५) मा विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय कोषको रकम नजिकैको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्न सकिने उल्लेख छ। पालिकामा पेश गरिएको विद्यालयहरुको आर्थिक वर्ष ०८०।८१ र ०८१।८२ को लेखापरीक्षण प्रतिवेदन अनुसार पालिका अन्तर्गतका १३ वटा विद्यालयले रु. ७४ लाख ५४ हजार स्थानीय सहकारीमा जम्मा गरेको र २७ वटा विद्यालयले रु. १७ लाख २१ हजार नगद (पेश्की समेत) मौज्दात राखेको पाइयो। यस सम्बन्धी विस्तृत विवरण अनुसूचीमा संलग्न छ।

विद्यालयको कोषको रकम नजिकैको बैङ्कमा खाता खोली राख्नुपर्नेमा नियम विपरित जोखिमयुक्त सहकारीमा जम्मा गरेको तथा ठूलो रकम नगद मौज्दातको रुपमा राखेको देखिएकोले नियमानुसार बैंकबाट विद्यालयको कोषको सञ्चालन हुने व्यवस्था मिलाउनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४७ **सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.१०.१३ - विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत स्थानीय तहले विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी परिचय पत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियकलाप सञ्चालनका लागि आधारभूत तह सञ्चालित प्रत्येक विद्यालयलाई रु. १० हजार र माध्यमिक तह सञ्चालित प्रत्येक विद्यालयलाई रु. १५ हजार एकमुष्ट अनुदान वार्षिक रुपमा उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण लगायतका कार्यको लागि आधारभूत तह सञ्चालित ४६ वट विद्यालयहरुलाई प्रति विद्यालय रु. १० हजारका दरले रु. ४६००००.०० र माध्यमिक तह सञ्चालित २६ वटा विद्यालयहरुलाई प्रति विद्यालय रु. १५ हजारका दरले रु. ३९००००.०० समेत जम्मा रु. ८५००००.०० निकासा दिएकोमा स्थलगत लेखापरीक्षणको अवधि २०८२ मंशिर ७ सम्म विद्यालयहरुको सामाजिक परीक्षण सम्पन्न भई प्रतिवेदन समेत प्राप्त भएकोमा तपशिल बमोजिमका ४४ वटा विद्यालयको आर्थिक लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पालिकामा पेश भएको पाइएन। तसर्थ सम्बन्धित विद्यालयहरुबाट आर्थिक लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश हुनुपर्ने रु.

| क्र.सं | विद्यालयको नाम | निकासा रु. |
|---|---|---|
| १ | निर्मल मा.वि. | १५००० |
| २ | चण्डिदेवी रा.मा.वि. | १५००० |
| ३ | वाराही मा.वि. | १५००० |
| ४ | भानु मा. वि. | १५००० |
| ५ | उदय मा.वि. | १५००० |
| ६ | जनजुक्तशाही मा.वि. | १५००० |
| ७ | महेन्द्रज्योती मा.वि. | १५००० |
| ८ | सर्वज्योती मा.वि. | १५००० |
| ९ | शिव मा.वि. | १५००० |
| १० | महर्षि वेदव्यास सं.मा.वि. | १५००० |
| ११ | शिव पा. मा.वि. | १५००० |
| १२ | अमरसिंह मा.वि. | १५००० |
| १३ | जनजागृतीगंगा मा.वि. | १५००० |
| १४ | अमरज्योती मा.वि. | १५००० |
| १५ | वसाहस्थान मा.वि. | १५००० |
| १६ | वसन्त आ.वि. | १०००० |
| १७ | जनकल्याण प्रा.वि. | १०००० |
| १८ | संगम प्रा.वि. | १०००० |
| १९ | मानुङ प्रा.वि. | १०००० |
| २० | वेदव्यास प्रा.वि. | १०००० |
| २१ | जनसेविका प्रा.वि. | १०००० |
| २२ | सिन्धु प्रा.वि. | १०००० |
| २३ | रत्नज्योती आ.वि. | १०००० |
| २४ | शहिदधर्म आ.वि. | १०००० |
| २५ | कृष्णलय प्रा.वि. | १०००० |
| २६ | व्यास नगर समता विद्यालय | १०००० |
| २७ | अमृत आ.वि. | १०००० |
| २८ | सोमाजन प्रा.वि. | १०००० |
| २९ | सहजीवन प्रा.वि. | १०००० |
| ३० | शंकर आ.वि. | १०००० |
| | | |

| | | |
|---|---|---|
| ३१ | अमर प्रा.वि. | १०००० |
| ३२ | जनज्योती प्रा.वि. | १०००० |
| ३३ | नयाँज्योती प्रा.वि. | १०००० |
| ३४ | देउराली प्रा.वि. | १०००० |
| ३५ | सूर्योदय प्रा.वि. | १०००० |
| ३६ | लक्ष्मी आ.वि. | १०००० |
| ३७ | अमरज्योती आ.वि. | १०००० |
| ३८ | गुदीफच्याङ आ.वि. | १०००० |
| ३९ | शितला प्रा.वि. | १०००० |
| ४० | कर्लुङ प्रा.वि. | १०००० |
| ४१ | चण्डेश्वरी आ.वि. | १०००० |
| ४२ | जनमिलन प्रा.वि. | १०००० |
| ४३ | तातोपानी प्रा.वि. | १०००० |
| ४४ | माहेन्द्री आ.वि. | १०००० |
| | जम्मा | ५१५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१५,००० |

४८ **नमुना विद्यालय अनुदानः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले कार्ययोजना बमोजिम कार्यसम्पन्न नभए सम्म खातामा रोक्का रहने गरी नमुना विद्यालयको रुपमा छानिएका तपशिल बमोजिमका दुई विद्यालयलाई विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत भौचर नं. ४७७ - ०८२।०३।१९ बाट रु. ७५०००००० निकासा गरेको छ।

| क.सं. | विद्यालयको नाम | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|
| १ | सत्यवती मा.वि. | ४५०००००० | कार्यसम्पन्न भएको पुष्टि हुने बिल, भरपाई र अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेश नभएको |
| २ | निर्मल मा.वि. | ३०००००० | |
| | जम्मा | ७५०००००० | |

स्थलगत लेखापरीक्षणको अवधि २०८२ मंशिर २८ सम्म ती विद्यालयले कार्यसम्पन्न गरेको पुष्टी हुने बिल, भरपाई पेश गरेको र पालिकाले सोको अनुगमन तथा मूल्याङ्कन गरेको नदेखिँदा नमुना विद्यालयमा निकासा भएको सो अनुदान रकम खर्च भएको पुष्टी हुने बिल, भरपाई र अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेश हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७५,००,००० |

४९ **सामाजिक सुरक्षा तर्फः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा दाखिला हुने व्यवस्था छ। यस पालिकामा आ.व. २०८१।८२ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. ३१ करोड १५ लाख ५७ हजार विनियोजन भएकोमा पालिका भित्रका ८०५३ जना

लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण बापत तपशिल बमोजिम रु. ३१ करोड १४ लाख ४ हजार निकासा भए तापनि खुद खर्च भने रु. ३१ करोड ११ लाख २३ हजार भएको छ।

| सामाजिक सुरक्षा भत्ता वितरण विवरण (आ.व. ०८१/८२) | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | लाभग्राही संख्या [चौथो त्रैमासिक] | चौथो त्रैमासिक | वार्षिक जम्मा |
| १ | ४१३८५२० | ४२३०३८३ | ४२७४२४१ | ४६२ | ४२७५६७४ | १६९१८८१८ |
| २ | ३४३९४७४ | ३५१५२७८ | ३५६६९२६ | ३२७ | ३५०७३१६ | १४०२८९९४ |
| ३ | १८८९६६० | १८८२५५६ | १८८९३८० | १८३ | १८९९५४१ | ७५६११३७ |
| ४ | ३४३७०२८ | ३६१५१२६ | ३६५९४१२ | ३७४ | ३७३५०३६ | १४४४६६०२ |
| ५ | ६५७०१५४ | ६७२३२४७ | ६७७८४४९ | ६७१ | ६७८६८०५ | २६८५८६५५ |
| ६ | ७४९१०१९ | ७५८६७१६ | ७७२०९०३ | ७९३ | ७७२७५४६ | ३०५२६१८४ |
| ७ | ५२१८३४८ | ५३१३७४६ | ५२७१८६० | ५५७ | ५३०७३६५ | २१११९३१९ |
| ८ | ४३८३६०५ | ४४४२२७८ | ४४८०६१३ | ४६० | ४४७३९०४ | १७७८०४०० |
| ९ | ७०९४१५८ | ७२०८३३८ | ७२३६९०१ | ७२१ | ७२७७९८८ | २८८१७३८५ |
| १० | ७३९२५२८ | ७४९३०३८ | ७५४३५४५ | ७९१ | ७५४५२४३ | २९९७४३५४ |
| ११ | ८८९३७३५ | ८९६८५०२ | ९०१७१२९ | ९३० | ८९८४६८३ | ३५८६४०४९ |
| १२ | ६१५५५३३ | ६१७५६९५ | ६१५२०३० | ६५९ | ६२५३१९९ | २४७३६४५७ |
| १३ | ५५३२५०० | ५६१७५६२ | ५६४०७८३ | ६३२ | ५६८९८६८ | २२४८०७१३ |
| १४ | ५०२०९१६ | ५०८३८३६ | ५०९१५४३ | ४९३ | ५१०२८४२ | २०२९९१३७ |
| जम्मा | ७६६५७१७८ | ७७८५६३०१ | ७८३२३७१५ | ८०५३ | ७८५६७०१० | ३११४०४२०४ |
| | फिर्ता भएको रकम रु. | | | | | २८१२०२ |
| | सामाजिक सुरक्षा भत्ता बापत वितरण भएको खुद रकम रु. | | | | | ३१११२३००२ |

सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएको अन्य बेहोरा निम्न छन्।

४९.१ **लगत कट्टा भएका लाभग्राहीको खातामा रहेको मौज्दात रकमः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६(३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची - ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाको सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी स्रेस्ताको परीक्षण गर्दा कतिपय सन्दर्भमा पहिलो त्रैमासिकमा लगत कट्टा भएका लाभग्राहीको खातामा समेत वर्षभरिको सामाजिक सुरक्षा भत्ता रकम निकासा भएको देखिएको छ। स्थलगत लेखापरीक्षणको अवधिमा (२०८२।०९।०९) पालिकाले बैङ्कबाट प्राप्त गरी उपलब्ध गराएको विवरण अनुसार पालिकाको १४ मध्ये १३ वडाका लगत कट्टा भईसकेका तपशिल बमोजिमका ८९ जना लाभग्राहीको बैङ्क खातामा रु. ८१३४७२.२० मौज्दात रहेको देखिन्छ। यसरी लगत कट्टा भईसकेका लाभग्राहीको खातामा मौज्दात रहेको रकम सम्बन्धमा यकिन गरी लगत कट्टा हुनुअघि सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी तथा बाँकी रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| लगतकट्टा भईसकेका लाभग्राहीको बैङ्क खातामा मौज्दात रहेको रकम सम्बन्धी विवरण | | | | |
|---|---|---|---|---|
| वडा नं. | बैङ्कको नाम | लाभग्राही संख्या | मौज्दात रकम | कैफियत |
| १ | नबिल बैङ्क लि. | ५ | ४०५२४.९५ | |
| २ | मुक्तिनाथ विकास बैङ्क | ८ | ६४३६०.१६ | |
| ३ | प्रभु बैङ्क लि. | ५ | १९२९०.०० | |
| ४ | प्रभु बैङ्क लि. | ४ | ४६२५०.०० | |
| ५ | प्रभु बैङ्क लि. | ६ | ९१४१०.०० | |
| ६ | महालक्ष्मी बैङ्क लि. | ९ | ८८७१२.७९ | |
| ७ | एन.आई.सी. बैङ्क | २ | ८०६०६.५३ | |
| ८ | प्राइम कमर्सियल बैङ्क लि. | २ | ७१८६.०० | |
| ९ | महालक्ष्मी बैङ्क लि. | ८ | ७७०११.२६ | |
| १० | सिटिजन्स बैङ्क लि. | १५ | १५४३९५.३१ | |
| ११ | मुक्तिनाथ विकास बैङ्क | ७ | ५६२५२.०० | |
| १२ | सिद्धार्थ बैङ्क लि. | ९ | ५०६१२.३४ | |
| १३ | कुमारी बैङ्क लि. | ६ | २४३३९.३३ | |
| १४ | लक्ष्मी सनराइज बैङ्क लि. | ५ | १२५२१.५३ | |
| | **जम्मा** | **८९** | **८१३४७२.२०** | |

**(विस्तृत विवरण बेरूजु दफा ४९.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,१३,४७२ |

४९.२ **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११(२) मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्ने र घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने साथै कुनै लाभग्राहीका प्रचलित कानुन बमोजिमका सूचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै स्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लगत कट्टा गर्नुपर्ने र स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ। पालिकाको हकमा कार्याविधिमा भएको माथि उल्लेखित व्यवस्था अनुसार घटना दर्ता र लगत कट्टा नभएकोले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अद्यावधिक अभिलेख पालिकासँग नरहेको कारण लगत कट्टा भईसकेका लाभग्राहीको खातामा रकम निकासा हुने र ठूलो रकम फिर्ता भई पालिकाको विविध खर्च खातामा आम्दानी बाँध्ने गरेको प्रवृत्ति देखिँदा समयमै घटना दर्ता तथा लगत कट्टा गराउने र अद्यावधिक लगतको आधारमा वास्तविक लाभग्राहीको खातामा मात्रै सामाजिक सुरक्षा भत्ता निकासा हुने सुनिश्चित गर्ने तर्फ स्थानीय बासिन्दा, सम्बन्धित लाभग्राही तथा हकवाला, स्थानीय जनप्रतिनिधि र कर्मचारी प्रशासनको समेत ध्यान जानुपर्ने देखिन्छ।

४९.३ **समीक्षा तथा सूचना प्रवाहः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा कार्यविधिको पालना गरी समीक्षा तथा मूल्याङ्कन गरेको पाइएन। सोही कार्यविधिको दफा ३२ मा स्थानीय तहले भुक्तानी गरेको भत्ता रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहको कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था भए पनि पालिकाले नियमित रुपमा लाभग्राहीहरुको नाम नामेसी वेबसाइटमा अद्यावधिक गरेको भए तापनि स्थानीय तहको कार्यालय र वडा कार्यालयको सूचना पाटीमा सार्वजनिक गरेको पाइएन। सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको समीक्षा तथा सूचना प्रवाह सम्बन्धमा समाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको व्यवस्था पालना हुनुपर्दछ।

४९.४ **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ अनुसार स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा सामाजिक सुरक्षा भत्ता सम्बन्धी विषयलाई समेत समावेश गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझावहरु सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित नियकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा उल्लिखित कार्य भए गरेको पाइएन। कार्यविधिको पालना गरी नियमित रुपमा सार्वजनिक सुनुवाई गरी सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा छलफल गर्नुपर्दछ।

## ५० कृषि तथा पशुमा अनुदानः

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति, कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट कृषि तर्फ रु. ३३ लाख १२ हजार र पशु तर्फ रु. ३ लाख ७५ हजार समेत कृषि तथा पशुमा अनुदान वितरण गर्न जम्मा रु. ३६ लाख ८७ हजार खर्च भएको बेहोरा निम्नानुसार देखिन्छ।

| कृषि तर्फको अनुदान वितरण विवरण | | | | |
|---|---|---|---|---|
| क.सं. | अनुदान शिर्षक | लाभग्राही (व्यक्ति/समूह) | खर्च रु. | कैफियत |
| १ | खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान | २२ | १०५६९८५ | समूह/सहकारी मार्फत धानको बिउ वितरण |
| २ | नयाँ तरकारी पकेट विकास कार्यक्रम (५० - ७५% सशर्त अनुदान) | २ | ९२८४१२ | कृषि सहकारी संस्थालाई कृषि औंजार, टनेल र सिंचाई |
| ३ | ७५% अनुदानमा मौरी पालन सामग्री वितरण | २८ | ३२०६७० | मौरी घार तथा अन्य सामग्री वितरण |
| ४ | आलु लगायत तरकारी पकेट विकास कार्यक्रम (५०% अनुदान) | ९ | ८०५९८९ | ४ समूह तथा ५ कृषि सहकारी संस्था |
| ५ | कृषि औंजार वितरण (५०% अनुदानमा) | १ | २००००० | |
| | **जम्मा** | **६२** | **३३१२०५६** | |
| **पशु विकास तर्फको अनुदान वितरण विवरण** | | | | |
| क.सं. | अनुदान शिर्षक | लाभग्राही (व्यक्ति/समूह) | खर्च रु. | कैफियत |
| १ | बाख्रा स्रोत केन्द्र कार्यक्रम (५०% अनुदान) | २ | ३७५००० | फर्महरुलाई खोर गोठ सुधारमा अनुदान |
| २ | खसी बोकाको मासु उत्पादनमा अनुदान | २ | ५४७७८६ | प्रति के.जी. रु. २० का दरले (भुक्तानी बाँकी) |
| | उत्पादनमा आधारित दुग्ध अनुदान (सहकारी मार्फत) | ५ | ४०३०६७८ | प्रति लि. रु. २ का दरले (भुक्तानी बाँकी) |
| | **जम्मा** | **७** | **४९५३४६४** | |
| | **कुल जम्मा** | **६९** | **८२६५५२०** | |
| | भुक्तानी हुन बाँकी दायित्व | - | ४५७८४६४ | |
| | **अनुदान बापत खुद भुक्तानी** | **-** | **३६८७०५६** | |

कृषि तथा पशुमा वितरित अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन नभएकोले अनुदान कार्यक्रम सञ्चालन पश्चातको उपलब्धि मूल्याङ्कन भएको छैन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। कृषि तथा पशुमा अनुदान सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नुगराउनु पर्दछ भने अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ।

## ५१ प्रधानमन्त्री रोजगार कार्यक्रमः

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले सबै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तहभित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमुलक आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन गर्ने भूमिका स्थानीय तहको हुने उल्लेख छ। पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा

समावेश भएका बेरोजगारहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्दछ। कार्यक्रम अन्तर्गत यस आ.व.मा पालिकामा सिँढी बाटो निर्माण, नाला सरसफाइ र चौतारो निर्माण लगायतका १० वटा आयोजना सञ्चालन भएको पाइयो। सूचीकृत बेरोजगार ३४३ जना रहेकोमा रोजगारीका लागि छनोट भएका ८० जनाले यस वर्ष पालिकामा सञ्चालित आयोजनाबाट औसत ७९.४० दिनका दरले जम्मा ६३५२ दिन रोजगारी प्राप्त गरेका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पालिकामा विनियोजित बजेट रु. ७५ लाख ८४ हजार मध्ये श्रमिकको ज्याला बापत कुल रु. ४२ लाख ४३ हजार भुक्तानी भएकोमा प्रशासनिक र कार्यक्रम खर्च समेत रु. ७० लाख ६६ हजार खर्च भएको छ। कार्यक्रम अन्तर्गत भएको खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि दीर्घकालीन रोजगारी सिर्जना र स्थानीय विकास निर्माणका कामको दीगोपना अभिवृद्धिमा प्रभावकारी योगदान पुगेको देखिँदैन। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्नअनुसार छन्।

५१.१ **कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवनोपयोगी सीप तालिमः** युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि - २०७९ को दफा ३२(१) मा छनौट भएका लाभग्राहीको रोजगार योग्य क्षमता अभिवृद्धि गर्न चालीस दिनसम्मको कार्यस्थलमा आधारित सीप विकास र दश दिनसम्मको जीवन उपयोगी सीप विकास गरी कुल पचास दिनसम्मको सीप विकास तालिम सञ्चालन गर्न सकिने उल्लेख छ। पालिकाले यस वर्ष कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवनोपयोगी सीप तालिम अन्तर्गत प्लम्बिङ र इलेक्ट्रिकल वायरिङ सम्बन्धी सीप विकास तालिम सञ्चालनको लागि मिति २०८२।१०।०८ मा Ideal Engineering & Construction Services Pvt. Ltd. सँग मूल्य अभिवृद्धि कर सहित रु. ८,४८,७४३.०० मा सम्झौता भएको पाइयो। तालिम प्रदायक संस्थाले ४० जना लाभग्राहीलाई सम्झौता अवधि भित्रै तालिम प्रदान गरेको छ।

**सोधभर्ना योग्य खर्चको भुक्तानीः** खरिद सम्झौताका शर्तहरुको अधिनमा रही खरिद कार्यको भुक्तानी गर्नुपर्दछ। खरिद सम्झौताको लागि तालिम प्रदायक संस्थाले पेश गरेको आर्थिक प्रस्तावमा सोधभर्ना योग्य खर्च रु. २,२२,०००.०० उल्लेख भएकोमा अन्तिम भुक्तानी दिँदा सोधभर्ना योग्य खर्चको बिल भर्पाई पेश नगरी एकमुष्ट बिल पेश गरेको आधारमा भौचर नं. २८४ - २०८२।०१।१२ बाट सम्झौता मूल्य बारबार नै रु. ८,४८,७४३.०० भुक्तानी भएको देखिएकोले कुल भुक्तानी मध्ये बिल भरपाई बेगर सोधभर्ना योग्य खर्च बापत भएको भुक्तानी रु. २,२२,०००.०० को सम्बन्धमा खर्च प्रमाणित हुने बिल भरपाई पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२२,००० |

५१.२ **न्यूनतम रोजगारः** रोजगारीको हक सम्बन्धी ऐन - २०७५ को दफा ८(१) मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले ऐन प्रारम्भ भएपछि बेरोजगार व्यक्तिलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकोमा पालिकाले यस वर्ष रोजगारीका लागि छनोट भएका लाभग्राहीलाई औसत ७९.४० दिन मात्रै रोजगार प्रदान गरेको देखिँदा सम्बन्धित लाभग्राहीहरु न्यूनतम रोजगारीको हकबाट वञ्चित हुन गएको पाइयो। ऐनको व्यवस्था अनुसार न्यूनतम रोजगार सुनिश्चित हुनेगरी रोजगार कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५१.३ **प्रगति समीक्षा र प्रतिवेदनः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका - २०७५ को दफा ७३(४) मा सम्बन्धित गाउँकार्यपालिका वा नगरकार्यपालिकाले आफ्नो क्षेत्रभित्रका कार्यक्रमहरुको चौमासिक तथा वार्षिक रुपमा समीक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले चालु आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरुको नियमित रुपमा आवधिक समीक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गरेको पाइएन। निर्देशिकामा उल्लेखित व्यवस्थाको पालना गरी कार्यक्रमको प्रभावकारिता प्रवर्द्धन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५२ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को प्रस्तावनामा स्थानीय तहमा लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउनु गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको उद्देश्य रहेको उल्लेख छ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत यस वर्ष पालिकालाई संघीय सशर्त अनुदान रु. १३ लाख विनियोजन भएकोमा पालिकाले तपशिल बमोजिम रु. १२ लाख ५७ हजार खर्च गरेको छ।

| क्र.सं. | कार्यक्रम /प्याकेजको नाम | विस्तृत विवरण | खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १ | उद्यम विकास सहजकर्ताको तलब, चाडपर्व खर्च र पोषाक भत्ता | १ जनालाई | ३६१७८१ | (सहायक चौथो तह) |
| २ | नयाँ उद्यमी सिर्जना तर्फ (उद्यमशीलता विकास तालिम) | (४२ जनालाई ८ दिन) | १०९५१० | वडा नं. २ |
| | अन्तरक्रिया तथा अवलोकन भ्रमण | २१ जनालाई ३ दिन | १६३३९० | वडा नं. ३ |
| ३ | अभिमुखीकरण तथा परामर्श | - | ९४३६५ | - |
| ४ | पुराना उद्यमीलाई बुटीक सम्बन्धि स्तरोन्नति तालिम | १० जनालाई ५२ दिन | २४०००० | वडा नं. ३ |
| ५ | प्रविधि हस्तान्तरण | ३ वटा उद्यमी समूह | १४०००० | २० % साझेदारी |
| ६ | बैठक भत्ता र अन्य खर्च | समन्वय समिति | १४७९०० | उद्यम विकास |
| | जम्मा खर्च रु. | | १२५६९४६ | |

**तालिमबाट उत्पादित सामग्रीको बिक्री वा जिन्सी दाखिलाः** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता सामाग्रीहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरी प्राप्त रकम तोकिएबमोजिमको राजस्व खातामा जम्मा गर्नु पर्ने तथा उक्त सामान कहीँ पनि बिक्री नभएमा स्टोर दाखिला गरी यथाशिघ्र लिलाम बिक्री गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ.व. २०८1।82 मा बुटिक सम्बन्धी सीप विकास तालिम सञ्चालन गरेकोमा उल्लेखित तालिमबाट उत्पादित सामग्रीहरुको बिक्री तथा जिन्सी दाखिला सम्बन्धमा कुनै पनि अभिलेख राखेको छैन। केही सामग्रीहरु तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई नै निःशुल्क वितरण गरेको र केही सामग्रीहरु पालिकाको कार्यालयमा मौज्दात रहेको मौखिक जानकारी स्थलगत लेखापरीक्षणको क्रममा प्राप्त भए तापनि जिन्सी दाखिला भएको सम्बन्धमा कुनै विवरण प्राप्त भएको छैन। उद्यम विकास कार्यक्रम सम्बन्धमा निर्देशिकाको पूर्ण पालना गरेर कार्यक्रम सञ्चालन गर्नुगराउनुपर्दछ।

५३ **सुरक्षित आप्रवासन कार्यक्रमः**

नेपाली आप्रवासी कामदार र तिनका परिवारलाई राज्यको संयन्त्रबाट संरक्षण प्रदान गरी सुरक्षित तथा मर्यादित कार्य वातावरणबाट लाभान्वित बनाउनु सुरक्षित आप्रवासन कार्यक्रमको लक्ष्य रहेको छ। संघीय सशर्त अन्तर्गत यस कार्यक्रमको लागि पालिकामा विनियोजित बजेट रु. २८ लाख ११ हजार मध्येबाट रु. २७ लाख ७६ हजार १८८ खर्च भएको बेहोरा तपशिल बमोजिम रहेको छ।

| क्र.सं. | खर्चको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | तलब भत्ता खर्च | १५२६४८८ | ४ जनालाई |
| २ | वित्तीय साक्षरता कार्यक्रम सञ्चालन खर्च | ४३०००० | |
| ३ | मनोसामाजिक परामर्श तथा अभिमूखीकरण | ३३८००० | |
| ४ | वित्तीय सहजकर्ता र मनोपरामर्शकर्ताको दै.भ्र.भ. तथा यातायात | १२२००० | |
| ५ | अन्य खर्च | ३५९७०० | |
| | जम्मा खर्च रु. | २७७६१८८ | |

उपर्युक्त विवरण अनुसार कार्यक्रममा भएको कुल खर्चको आधाभन्दा बढी रकम वित्तीय सहजकर्ता तथा मनोसामाजिक परामर्शकर्ताको तलब भत्तामा खर्च भएको देखिन्छ। सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ मा उल्लेख भएको व्यवस्था अनुसार कार्यक्रमको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गरी प्रभावकारी रुपमा कार्यान्वयनको लागि पालिकाले आवश्यक पहल गर्नुपर्दछ र सम्बन्धित निकायमा नियमित रुपमा प्रगति प्रतिवेदन समेत पेश गर्नुपर्दछ।

५४ **बार्षिक मर्मत शुल्कः**

सबै स्थानीय तहमा सञ्चित कोष व्यवस्थापन प्रणाली लागु गर्न नेपाल सरकारले २०७६।१।१७ मा परिपत्र गरेको छ। सुत्र प्रणालीमा स्थानीय तहको आय व्ययको अनुमान, बजेट स्वीकृती,धरौटी,राजस्व बाँडफाँड,तलबी विवरण,राजस्व अनुदान लगायतका विवरण समावेश भएतापनि पालिकाले तलबी हिसाब खाता व्यवस्थापन प्रणाली सफ्टवेयर विकास,परिमार्जन,जडान तथा तालिम प्रदान गर्ने

प्रयोजनको लागि गभर्नेन्स अटोमेशन प्रा.ली,ललितपुर सगँ मिति २०७८ पौष १ गते रू. ३९५५०० मा सम्झौता गरी सो पश्चात प्रत्येक वर्ष सम्झौता रकमको २०% वार्षिक मर्मत शुल्कका साथै सफ्टवेयर सम्बन्धी तथ्यांक “Cloud” मा राख्न मासिक २००० का दरले वार्षिक २४००० भुक्तानी गर्ने सहमति भएको पाइयो।पालिकाले सुत्र प्रणाली प्रयोग गरी सो प्रणाली बाटै तलब भत्ता लगायतका सेव सुविधा भुक्तानी गरेको लामो समय भै सक्दा समेत तलब भत्ता र ग्रेड यकिन गर्ने भनी परामर्शदाता राखी भुक्तानी गर्नु कानुन सम्मत देखिदएन । मन्त्रीपरिषद्को निर्देशन पश्चात र पालिकाले सुत्र प्रणाली प्रयोग गरी सक्दा पनि सोही कार्यको लागी परामर्शदता राखी गो.भौ.नं. ८९० मिति २०८१/०९/१८ बाट परामर्शदाता गभर्नेन्स अटोमेसन सोलुसनलाई वार्षिक मर्मत सम्भार तथा Cloud server मा तथ्याङ्क व्यवस्थापन वापत भुक्तानी गरेको रू. १०६२२०.०० नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०६,२२० |

**५५ उपभोक्ता समितिको काम निर्माण व्यवसायीबाट गराएकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई हस्तान्तरण हुने योजना मात्र उपभोक्ता समितिबाट कार्य गराउनु पर्ने र निर्माण पश्चात सम्बन्धित उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था गरेको छ । पालिकाको निम्न निर्माण कार्यको लागी उपभोक्ता लाई कार्य गर्न दिएकोमा निज उपभोक्ता समितिले सो निर्माण कार्य निर्माण व्यवसायीबाट गराई निर्माण व्यवसायीलाई नै सम्पुर्ण भुक्तानी गरेको पाईयो । यसरी उपभोक्ता समितिले कार्य गर्ने गरी सम्झौता गरेकोमा समेत निर्माण व्यवसायीबाट गराई भुक्तानी गरेको रू. २०२६६७६ नियम सम्मत नदेखिएको रु.

| क्र.सं | गो भौ नं र मिति | योजनाको तथा उपभोक्ता समितिको नाम | भुक्तानी रु. | निर्माण व्यवसायीलाई उ.स.बाट भुक्तानी |
|---|---|---|---|---|
| १ | ८९७-०८१/९/२१ | दशैं बाटो सरसफाई योजना | २१८२१६ | २४१५०० |
| २ | ९०८-०८१/९/२२ | व्यास ११ विपद बाटो सरसफाई योजना | २८५००० | ३२६४०० |
| ३ | १०७१-०८१/१०/२० | वडा नं. ६ मा रहेको बाटोहरूमा पहिरो पन्छाउने सरसफाई समेत कार्य | १३१८३६ | १५४००० |
| ४ | १९६१-०८२/३/५ | कच्चि मोटरबाटो तथा नाला सरसफाई समिति | १३५८५० | १६१००० |
| ५ | १२६३-०८२।०३।२५ | लालध्वज मो.मा. ग्राभेल | २९२२२६ | ३२३१४५.८ |
| ६ | १२४३-०८२।३।२५ | बेनीकोट भञ्याङ्ग झाक्रिथान पर्यट्न म | ८२२९२३ | ८५२१६२.८२ |
| ७ | १२२८-०८२।०३।२४ | सिद्दडाडा देखी सिखरडाडा बाटो मर्मत | १४०६२५ | १५६८६२.१४ |
| | जम्मा | | २०२६६७६ | २२१५०७१ |

| | |
|---|---|
| अनियमित भएको | २०,२६,६७६ |

**५६ सोलिङ्ग भन्दा घटी लम्बाईमा ढलान गरेकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिलको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले छाब्दी फुरलुङ्गे वडा कार्यालय पक्की सडक निर्माण उपभोक्ता समितिलाई सडक ढलान कार्यको भुक्तानी गर्दा ढलान गरेको लम्बाई भन्दा बढी लम्बाईमा सोलिङ्ग तथा खनेको जनाई भुक्तानी गरेको पाईयो । नाला निर्माणको लागी ढलान ३९.५० मिटरमा गरिएको तर खन्ने तथा सोलिङ्ग तथा डण्डी समेत ४०.५० मि. लम्बाईमा गरेको भनी नापी गरेको पाईयो । ढलान गरेको लम्बाई भन्दा बढी लम्बाईमा डण्डी राख्न मिल्ने प्राविधिक आधार समेत नदेखिएको र सो ढलान गरेको लम्बाई भन्दा बढी लम्बाईमा खन्ने र सोलिङ्ग गरेको भनी सो को भुक्तानी समेत गर्न मिल्ने आधार नदेखिदा देहाय अनुसार ढलान भन्दा बढी खन्ने, सोलिङ्ग र डण्डीको परिमाणको भुक्तानी सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल हुनु पर्ने रु.

| कामको विवरण | लम्बाई | ढलान भन्दा बढी परिमाण | दर | रकम |
|---|---|---|---|---|
| खन्ने कार्य | ४०.५ | १*४*०.४०=१.६० | ८८.५४ | १४१.७ |
| सोलिङ्ग | ४०.५ | १*४*०.१२५=०.५० | ३३२०.०६ | १६६०.०३ |
| पिसिसि फर आरसिसि | ३९.५ | - | - | - |
| डण्डीको कार्य | ४०.५ | ३५.८४ कि.ग्रा. | १३५.४१ | ४८५३.०९ |
| **जम्मा** | | | | **६६५४.७८** |
| उपभोक्ता समितिको जनसहभागिता (१० प्रतिशत) | | | | ६६५.४८ |
| **खुद भुक्तानी भएको** | | | | **५९८९.३** |

| असुल गर्नुपर्ने | ५,९८९ |
|---|---|

५७ **डण्डीको बढी भुक्तानीः**

पालिकाले छाब्दी फुरलुङ्गे वडा कार्यालय पक्की सडक निर्माण उपभोक्ता समितिलाई सडक ढलान कार्यको भुक्तानी गर्दा डण्डीको परिमाण ०.१२ मिटरको फरकमा राखेको भनी नापी गरेको पाईयो । पालिकाले गरेको नापी अनुसार ०.१२ मिटरको फरकमा डण्डी राख्दा ३९.५० मिटरको ढलान कार्यमा कुल २०१३.६७ कि.ग्रा. डण्डी लाग्नु पर्नेमा २२३४ कि.ग्रा. प्रयोग भएको भनी नापि गरेको पाईयो । वास्तविक नापी अनुसार हुनु पर्ने भन्दा २२०.३३ कि.ग्रा. डण्डीको बढी भुक्तानी गरेको हुँदा प्रति कि.ग्रा. रु. १३५.४१ कादरले हुने रु. २९८३४.८९ बाट उपभोक्ता समितिको जनसहभागिता १० प्रतिशतले हुने रु. २९८३.४९ कट्टि गरी हुने रु. २६८५१.४० गो.भौ.नं ८६६ मिति २०८२।०३।०५ बाट बढी भुक्तानी भएको हुदा सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २६,८५१ |
|---|---|

५८ **ठेक्का नं २०८०।८१-०९, बुल्दी खोला पुलः**

पालिकाको बुल्दी खोलामा पुल निर्माण गर्ने गर्न रु ६,६५,४३,२७२.३७ को लागत अनुमान बनाई वोलपत्र आह्वान गरेकोमा सो कार्यको लागि न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही वोलपत्रको रुपमा निर्माण व्यवसायी श्री ज्वालामुखी कन्सट्रक्सन प्रा.लि. सँग रु. ६,०१,१७,३२४.९० कवोल रकममा १८ महिना भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०८०/११/२३ मा सम्झौता गरेको पाईयो । निर्माण व्यवसायीले मिति २०८२।०१।२२ मा निर्माण सम्पन्न गरी अन्तिम बिलसम्म रु. ६,३८,९२,४६३.०० (भेरिएसन समेत) भुक्तानी लिएको मा यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्।

५८.१ **निर्माण स्थल परिवर्तनः** कार्यालयले पुल निर्माणको लागि तय गरेको निर्माण स्थल सँग सिधा पर्ने गरी प्रदेश स्तरको निकायबाट बसपार्क निर्माण भएको हुदा सुरु तय भएको स्थानबाट १३.५५ मिटर डाउनस्ट्रिम तर्फ निर्माण स्थल सार्नको लागी कार्यालयले मिति २०८०।१२।०८ मा परामर्शदाता श्री पोखरा सोयलटेस्ट एण्ड ईन्जिनियरिङ्ग सर्भिसेजलाई अनुरोध गरेको पाईयो । कार्यालयले उपलब्ध गराएको अभिलेख अनुसार पुरानै स्थानमा पुल निर्माण गर्दा बसपार्कमा बनेको दुई तले भवनमा क्षति पुग्ने, सो को कारण एप्रोच सडकको अत्यधिक ग्रेड हुने र ठुला सवारी गुडाउन असहज हुने भएकोले निर्माण स्थल परिवर्तन गर्नु परेको उल्लेख गरेको पाईयो । परामर्शदाताले मिति २०८०।१२।१५ मा कार्यालयको अनुरोध अनुसार पुलको डिजाईन रिभ्यु गरिएको तर नयाँ तय भएको स्थानमा पुल निर्माण गर्दा ठुला मेसिन उपकरणको प्रयोगले नजिकको घरमा क्र्याक आउन सक्ने भएकोले सो समयस्या पालिकालेनै सामाधान गर्ने गरी स्थान परिवर्तन गरिएको भनी पत्राचार गरेको पाईयो । पुरानो पुल निर्माण स्थलको ११ मिटर downstream तर्फ drill hole गरिएकोले सो स्थान नया निर्माण स्थलको Abutment को Upstream पर्ने भएकोले माटो परीक्षण आवश्यक नपर्ने भनी पत्राचार गरेको पाईयो । हाल निर्माण भएको पुलको प्रयोग गर्न पनि बस पार्क तर्फबाट उकालो चढी माथी पुग्ने बेला मोडिनु परेकोले अझै ठुला सवारी साधन गुडाउनको लागी असहज हुने अवस्था देखिएको छ । पालिका र बस पार्क निर्माण गर्ने प्रदेश स्तरको कार्यालयका बीचमा समन्वय नहुदा पुल निर्माण भए पश्चात समेत उपयोग गर्न असहज अवस्था देखिएको छ । सहज रुपमा ठुला सवारी समेत गुड्न सहज हुने गरी पुलको एप्रोच सडकको व्यवस्था गरी पुलको सहज उपयोगको सुनिश्चितता गर्न पर्दछ।



५८.२ **पुलको डेक स्ल्याबमा प्रयोग भएको कंक्रिटः** सडक विभागले जारी गरेको Standard superstructure Drawing for Road Bridge (25m simply supported span, cast in situ 8.5m width carriage way 6m) निर्माणको लागी आवश्यक पर्ने कंक्रिट कम्तिमा M35 Grade को हुनु पर्ने उल्लेख गरेको छ । परामर्शदाता पोखरा सोयलटेस्ट एण्ड ईन्जिनियरिङ्ग सर्भिसेजले तयार पारेको ड्र्ईङ्ग डिजाईन र लागत अनुमान अनुसार डेक स्ल्यावमा M25 ग्रेडको कंक्रिट प्रयोग गर्न सिफारिस गरेको पाईयो । परामर्शदाताको सिफारिस अनुसार पुल निर्माण सम्पन्न हुदा सम्म डेक स्ल्याबमा कुल १६३.५३ घन मिटर M25 ग्रेड कंक्रिट प्रयोग गरी प्रति घ.मी. रु. १८,०००.०० का दरले रु. २९,४३,५४०.०० भुक्तानी गरेको देखियो । परामर्शदाताले सडक विभागले तयार पारेको Standard Drawing ले तोकेको भन्दा घटी ग्रेडको कंक्रिट प्रयोग गर्न सिफरिस गरी सो अनुसारनै निर्माण भएको देखिदा पुलको डेक स्ल्याबमा कंक्रिट प्रयोग सम्बन्धी समस्या देखिएमा सिफारिस गर्ने दातालाई जिम्मेवार बनाउनु पर्दछ।



Final Copy

GOVERNMENT OF NEPAL
MINISTRY OF PHYSICAL INFRASTRUCTURE AND TRANSPORT
DEPARTMENT OF ROADS
BRIDGE BRANCH

STANDARD SUPERSTRUCTURE DRAWINGS FOR ROAD BRIDGES
25.0m Simply Supported Span, Cast - in - situ,
Reinforced Concrete Slab - Deck
SKEW ANGLE : 0° to 15°
(CARRIAGE WIDTH - 6.0m WITH BOTH SIDE FOOTHPATH - 1.25m = TOTAL WIDTH - 8.50m)



D. GRADES OF CONCRETE

The structural concretes involved in this Bridge Deck shall be suitably designed as High Strength Concrete Mixes having 28 days minimum works Cube Crushing Strength in Compression on 150 mm Standard Cubes as follows:

| | |
|---|---|
| • For the cast in situ (cis) Reinforced Concrete 4-Webbed Slab Superstructure (i.e. for its Stems/Girders, Slab and Cross-girders) | 35 MPa (i.e. M-35 Grade Concrete) |
| • For the Reinforced Concrete in- - Precast Footpath Slabs - Parapet Posts and their Bases - Road Kerbs | 35 MPa (i.e. M-35 Grade Concrete) |

५९ **सि.सि.क्यामेरा खरिद र जडानः**

पालिकाले वडाका विभिन्न स्थानमा सिसि क्यामेरा जडान गर्न तथा विद्यालयले खरिद गरेका सिसि क्यामेराको भुक्तानी दिने सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार रहेका छन्।

५९.१ **वडा नं. २ मा सि.सि.क्यामेरा जडानः** पालिकाको वडा नं २ मा सिसि क्यामेरा जडान गर्न रु. ९५६८९१.९९ को लागत अनुमान बनाई बोलपत्र आह्वान गरिएकोमा रु. ६७११६३.५० मा कवोल गर्ने न्यु क्वालिटी कम्प्युटर ट्रेड सँग सम्झौता भएको पाईयो । सो पश्चात लागत अनुमान र कवोल अंक बीचको फरक रकम बराबरको पुनः सोही वडामा सिसिक्यामेरा खरिद गर्न वडा कार्यालयबाट छुट्टै खरिद गरेको र सो अनुसार खरिद गर्दा पहिले खरिद गरेको भन्दा बढि दरमा खरिद गरेको पाईयो । आवश्यक परेको थप परिमाणमा खरिद गर्नु पर्दा सोही आपुर्तिकर्ताबाट थप गर्न लागाई टेण्डर गरेको दरमै माग गर्नु पर्नेमा छुट्टै खरिद गरी सो भन्दा बढी दरमा खरिद गरी देहाय अनुसार गो.भौ.नं. १०४९ मिति २०८२।०३।१८ बाट रु. २८४७६०.०० भुक्तानी गर्दा रु. ४३३९२.०० बढी व्ययभार पर्ने गरी

ईशानेश्वर ईन्टरप्राईजेजबाट खरिद गरेको देखिदा पालिकाले टेण्डर गरी खरिद गरेको अवधी भन्दा पछाडी सो भन्दा बढी दर कायम कायम गरी भुक्तानी गरेको रकम सो भुक्तानी सिफारिस गर्नेलाई जिम्मेवार बनाई सम्बन्धित आपुर्तिकर्ताबाट असुल गर्नु पर्ने रु.

| आईटमहरु | टेण्डर मुल्य | सोझै खरिद मुल्य | फरक | परिमाण | रकम |
|---|---|---|---|---|---|
| CCTV Camera | २७०० | ५८०० | ३१०० | ९ | २७९०० |
| Network video Rec. | ९००० | १९५०० | १०५०० | १ | १०५०० |
| जम्मा | | | | | ३८४०० |
| मु अ कर | | | | | ४९९२ |
| कुल जम्मा | | | | | ४३३९२ |

| असुल गर्नुपर्ने | ४३,३९२ |
|---|---|

५९.२ **पालिका भवनमा सिसि क्यामेरा जडानः** पालिकाले टेण्डर गरी खरिद गरि सके पश्चात आवश्यक परेको थप परिमाणमा खरिद गर्नु पर्दा सोही आपुर्तिकर्ताबाट थप गर्न लागाई टेण्डर गरेको दरमै माग गर्नु पर्नेमा छुट्टै खरिद गरी सो भन्दा बढी दरमा खरिद गरी देहाय अनुसार गो.भौ.नं. १०७३ मिति २०८२।०३।१९ बाट रु. २७५००.०० भुक्तानी गर्दा रु. १०७००.०० बढी व्ययभार पर्ने गरी गण्डकी डिजिटल प्रा.लि. बाट खरिद गरेको देखिदा पालिकाले टेण्डर गरी खरिद गरेको अवधी भन्दा पछाडी सो भन्दा बढी दर कायम कायम गरी भुक्तानी गरेको रकम सो भुक्तानी सिफारिस गर्नेलाई जिम्मेवार बनाई सम्बन्धित आपुर्तिकर्ताबाट असुल गर्नु पर्ने रु.

| आईटमहरु | टेण्डर मुल्य | सोझै खरिद मुल्य | फरक | परिमाण | रकम |
|---|---|---|---|---|---|
| CCTV Camera | २७०० | ५७५२.२१ | ३०५२.२१ | ३ | ९१५६.६४ |
| POE Switch | १९०० | २२१२.३९ | ३१२.३९ | १ | ३१२.३९ |
| जम्मा | | | | | ९४६९.०३ |
| मुल्य अभिबृद्धि कर | | | | | १२३०.९७ |
| कुल जम्मा | | | | | १०७०० |

| असुल गर्नुपर्ने | १०,७०० |
|---|---|

## ६० औषधी खरिदः

पालिकाले यस वर्ष विद्युतीय बोलपत्र (1/Health/Vyasmun/०८१/०८२) मार्फत क्यण्डेला मेडि कन्सर्नबाट तपशिल बमोजिम रु. २३८७७८२.९० को औषधी खरिद गरेको छ।

| क्र.सं. | खरिदको विवरण | बिल पेश रु. | भुक्तानी रु. | बढी भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ८१ आइटम खरिद | १४१५७२९.९ | १४९५७२९.९ | ८००००. | ५४ - ०८१।०७।०४ |
| २ | ४६ आइटम खरिद | ९७२०५३. | ९७२०५३. | - | २२६७ - ०८२।०३।२३ |
| | जम्मा | २३८७७८२.९ | २४६७७८२.९ | ८००००. | |

औषधी खरिद सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

६०.१ **बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विद्युतीय बोलपत्र (1/Health/Vyasmun/081/082) मार्फत क्यण्डेला मेडि कन्सर्नबाट औषधि खरिद गरेकोमा पहिलो लटको आपूर्ति बापत

आपूर्तिकर्तालाई भुक्तानी दिँदा आपूर्ति भएको औषधीको बिलभन्दा बढी भुक्तानी गरेको देखिँदा बढी भुक्तानी भएको रु. ८००००.०० सम्बन्धितबाट असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्दछ।

*[**द्रष्टव्यः** आपूर्तिकर्ताबाट असुल गर्दा बढी भुक्तानी भएको रकम रु. ८०००० को मिति २०८१।०७।०४ देखि असुल हुने मिति सम्मको वार्षिक १० प्रतिशतको दरले व्याज समेत हिसाब गरी असुल हुनुपर्ने।]*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,००० |

६०.२ **औषधीको म्याद गुज्रिने मितिः** सार्वजनिक खरिद नियमावली - २०६४ को नियम ११५ अनुसार सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी गराई स्वीकृत वा अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने र त्यस्तो प्रतिवेदनलाई खरिद कारबाहीको अभिलेखको रुपमा राख्नुपर्ने व्यवस्था छ। तसर्थ खरिद सम्झौतामा उल्लेख भएको शर्त बमोजिम मालसामानको अपूर्ति भएको सुनिश्चित हुनुपर्दछ। पालिकालाई आवश्यक औषधी खरिदको लागि क्याण्डेला मेडि कन्सर्नसँग भएको सम्झौताको शर्त ६ मा आपूर्ति हुने प्रत्येक औषधीको म्याद कम्तिमा १८ महिना बाँकी रहेको हुनुपर्ने उल्लेख छ। निज आपूर्तिकर्ताले पालिकामा आपूर्ति गरेका औषधी मध्ये तपशिल बमोजिम रु. २२८८३५.०० मूल्य पर्ने औषधीको म्याद सम्झौतामा उल्लेख भए बमोजिम नरहेको देखिएको छ। सम्झौतामा उल्लेख भए भन्दा कम अवधि म्याद रहेको औषधी आपूर्ति भएको अवस्थामा ती औषधी फिर्ता गरी सम्झौता बमोजिमको म्याद रहेको औषधी सोधभर्ना लिनुपर्नेमा सो नगरी भुक्तानी भएको रु. २२८८३५.०० नियम सम्मत नदेखिँदा नियमित हुनुपर्ने रु.

| क्र.सं. | आपूर्ति भएको औषधीको विवरण | फरक परेको म्याद गुज्रिने मिति | | भुक्तानी भएको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | सम्झौता अनुसार | बिल अनुसार | | |
| १ | Cetrizine 10mg | April, 2026 | Feb., 2026 | १२५००० | |
| २ | Tinidazole 500mg | April, 2026 | Sept., 2025 | ३००० | |
| ३ | Zinc Sulphate 20mg | April, 2026 | Oct., 2025 | २०००० | |
| ४ | Frusimide 40g | April, 2026 | Sept., 2025 | ४९९० | |
| ५ | Clotrimazole Cream 15grm | April, 2026 | Nov., 2025 | ९४२० | |
| ६ | Albendazole Suspension 10 ml | April, 2026 | Oct., 2025 | २४ | |
| ७ | Albendazole Suspension 10 ml | April, 2026 | Feb., 2026 | ७६ | |
| ८ | Cloxacillin D/S 90ml | April, 2026 | Dec., 2025 | २०० | |
| ९ | Diclofenac 500mg | April, 2026 | Feb., 2026 | २०००० | |
| १० | Metronidazole 60ml Susp | April, 2026 | Nov., 2025 | ३०० | |
| ११ | Zinc Sulphate 10mg | April, 2026 | Sept., 2025 | २००० | |
| १२ | Doxycylline 100mg | April, 2026 | Mar., 2026 | ५००० | |
| १३ | Clove Oil 5ml | April, 2026 | Jan., 2026 | ५१० | |
| १४ | Clove Oil 5ml | April, 2026 | Jan., 2026 | ११५ | |
| १५ | Tetracycline hcl Ointment USP 5grm | April, 2026 | Sept., 2025 | ४०० | |
| १६ | Nitrofurnation 100mg | April, 2026 | Jan., 2026 | ३००० | |
| १७ | Cefexime 200mg | April, 2026 | Jan., 2026 | ५००० | |
| १८ | Oxymethazoline 0.05& Nasal Drop | April, 2026 | Jan., 2026 | २३५ | |
| १९ | Oxymethazoline 0.05& Nasal Drop | April, 2026 | Jan., 2026 | ६५ | |
| २० | Oxymethazoline 0.25% Nasal Drop | April, 2026 | Dec., 2025 | ३०० | |
| २१ | Salbutamol Nebuliser solution B.P. | April, 2026 | Jan., 2026 | ५० | |
| २२ | Salbutamol Nebuliser solution B.P. | April, 2026 | Mar., 2026 | ७५० | |
| २३ | Ciprofloxacin eye Ointment | April, 2026 | Dec., 2025 | १००० | |
| २४ | Permithin Cream 30grm | April, 2026 | Oct., 2025 | ५०० | |
| २५ | Ciprofloxacin eye/ear Drop | Jan., 2027 | Dec., 2026 | २५०० | |
| २६ | Silver Sulphadizene 15grm | Jan., 2027 | Dec., 2026 | ११७०० | |
| २७ | Cloxacillin 250mg | Jan., 2027 | Oct., 2026 | १२००० | |
| २८ | Chlorohexadine Gargle 100ml | Jan., 2027 | Nov., 2026 | ४०० | |
| २९ | Oxymethazoline 0.025 % Nasal Drop | Jan., 2027 | Dec., 2026 | ३०० | |
| | | | | | |

| | जम्मा | | | २२८८३५ | |
|---|---|---|---|---|---|

| अनियमित भएको | २,२८,८३५ |
|---|---|

६१ **उदय मा.वि. बाख्रे झो.पु. निर्माणः**

यस पालिकाको वडा नं ५ उदय मा.वी. बाट म्याग्दे गाउँपालिकाको वडा नं. १ बाख्रे जोड्ने साँगे खोला झोलुङ्गे पुलको निर्माण गर्न आवश्यक सामाग्री खरिदको लागी मिति २०८१।०३।२० भित्र आपुर्ति गर्ने गरी मिति २०८१।०२।२० मा एग्रो ईन्जिनियरिङ्ग वर्क प्रा.लि. बिच सम्झौता भई सम्झौता अनुसारको झोलुङ्गे पुलको समाग्री मिति २०८१।०३।२१ मा यस कार्यालयमा आपुर्ति गरेको र सो अनुसार नै कार्यालयको जिन्सिमा आम्दानी बाँधेको पाईयो । पालिकाले रु. ३०४५१२२.०० मुल्य बराबरको पुलको सामाग्री खरिद गरी ल्याईएका सामाग्री मिति २०८१।०३।२६ मा उदय मा.वी. बाख्रे झ.पु. उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखियो । सो पुलको निर्माणकोलागी उपभोक्ता समितिको रु. २०७२९०.४२ सहित कुल रु. ५३७०३२७.५४ लागत लाग्ने गरी पालिकाले उपभोक्ता समिति सँग सम्झौता गरेकोमा हाल सम्म सो पुलको निर्माण हुन सकेको देखिएन । पालिकाले दिएको जानकारी अनुसार सामान खरिद गर्न संघीय सरकारले बजेट उपलब्ध गराएको तर निर्माणको लागी हाल सम्म पनि बजेट प्राप्न नभएको कारण निर्माण सुरु गर्न नसकेको जनाएको छ । पुल निर्माणको लागी आवश्यक सामाग्री ल्याएको लेखापरीक्षण अवधी (मिति २०८२ पुष सम्म) सम्म १ वर्ष ६ महिना बिति सक्दा समेत पुल निर्माणको टुंगो लाग्न नसकेको देखिदा Galvanization र Fabrication गरी ल्याईएका सामानको गुणस्तर समेत घट्दै जाने हुदा पुल निर्माण पश्चात सोको संचालन आयु समेत कम हुने सम्भावना रहने हुन्छ । खरिद गरी स्टोर गरेको लामो समय सम्म समेत निर्माण कार्यको टुंगो नलागेको हुदा संघीय सरकार सँग समन्वय गरी रु. ३०४५१२२.०० खर्च गरी खरिद गरिएको सामान जडान भएको प्रमाण पेश हुनु पर्दछ ।

६२ **थप ओभरहेड जोडि लागत अनुमान गरिएकोः**

जलस्रोत तथा सिंचाई विभागले तयार पारेको Rate Analysis Norms for Works को 24.1 मा झोलुङ्गे पुलको लागी आवश्यक सामाग्री Fabrication सम्बन्धी कार्यको व्यवस्था गरेको छ । सो नर्म्समा Steel Parts र Steel Deck को Fabrication गर्दा ७ प्रतिशत थप ओभरहेड जोड्नु पर्ने व्यवस्था गरेको देखिएन । साथै सोही Steel Parts को Galvanization मा ५ प्रतिशत थप ओभरहेड जोड्नुपर्ने व्यवस्था गरेको देखिदैन । कार्यालयले तयार पारेको लागत अनुमानमा Contractor Overhead १५ प्रतिशतका साथै थप ७ प्रतिशत र ५ प्रतिशत ओभरहेड थप गरी लागत अनुमान गरेको पाईयो । यसरी थप ओभरहेड जोडी लागत अनुमान बनाउदा Fabrication मा प्रति कि.ग्रा. रु. ९.३८ र Galvanization मा प्रति कि.ग्रा. २.९८ का दरले लागत थप भएको पाईयो । विभागले तयार पारेको नर्म्समा नभएको ओभरहेड थप गरी लागत अनुमान तयार गर्दा देहाय अनुसार नेपाल सरकारलाई थप लागत संघीय सरकारबाट सो अनुसार थप ओभरहेड जोडी लागत अनुमान तयार पार्ने अनियमित देखिएको रु.

| क्र.सं | आईटम | परिमाण | थप ओभरहेड दर | रकम |
|---|---|---|---|---|
| १ | Fabrication of Steel Parts | ११४६८.४९ | ९.३८ | १०७५७४.४४ |
| २ | Galvanization of Steel | १०३३८.१९ | २.९८ | ३०८०७.८१ |
| जम्मा | | | | १३८३८२.२४ |
| मुल्य अभिबृद्धि कर | | | | १७९८९.६९ |
| कुल जम्मा | | | | १५६३७१.९३ |

| अनियमित भएको | १,५६,३७२ |
|---|---|

६३ **कालो सूचीमा राख्ने गरी ठेक्का अन्त्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता वमोजिम कार्य शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता वमोजिम कामको प्रगति नगरेमा त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने त्यस

अवस्थामा सो वापत राखेको जमानत रकम पुरै जफत हुने र सम्झौता अन्त्य भएको कारणले सम्झौता वमोजिम बाँकी रहेकको कार्य पुरा गर्न जे जति रकम आवस्यक पर्छ सो रकम त्यसरी सम्झौता वमोजिम कार्य नगर्ने वोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गरि सोही ऐनको दफा ६३ बमोजिम कालोसुचिमा राख्नु पर्ने उल्लेख छ । सम्झौता मितिले ९ (नौ )महिना भित्र कार्य सम्पन्न गर्ने गरी रु १३९९२३५३.७८ को सम्झौता मूल्यमा मिति २०८०/३/१७ मा निर्माण व्यवसायी विकेएचटिडिसिएल-एसिपिएल जे.भी. सग खड्ककाली मार्ग कालोपत्रे कार्यको लागी कार्यालयले सम्झौता गरेको पाइयो। कार्यालयले उक्त कार्यको निर्माण वापत प्रथम रनिङ्ग बिल वापत रु ३४९६५२९.३१ भुक्तानी गरे पश्चात निर्माण ब्यबसायी बाट थप कार्य गरी बिल पेश तथा भुक्तानी भएको पेश भएको अभिलेख बाट देखिएन। कार्यलयले यस कार्यको लागी (ठेक्का नं २०७९।८०-१७) तयार गरेको विड डकुमेन्टको GCC 75.3 मा समेत “If the contract is terminated because of fundamental breach of contract or for any fault by the contractor the performance security shall be forfeited by the employer and to complete the remaining work as per the contract shall be recovered from the contractor as Government dues” भनी उल्लेख गरेको पाईयो । कार्यालयले मिति २०८२।०३।२२ को कार्यपालिका बैठकको निर्णय नं १३ मा निर्माण व्यवसायी विकेएचटिडिसिएल-एसिपिएल जे.भी.ले सम्झौता अनुसारको कार्य गरेको नदेखिदा ठेक्का रद्द गरी कारवाही गर्ने निर्णय गरे अनुसार निर्माण व्यवसायीसँग बाँकी रहेक पेश्की रु. १४२७०००.०० मिति २०८२।०३।२२ मा जमानत जफत गरी संचितकोष दाखिला गरेको देखियो भने कार्य सम्पादन जमानत रु. १९१७०००.०० मिति २०८२।०५।०३ मा मात्र संचितकोष दाखिला गरी आम्दानी बाँधी मिति २०८२।०५।१९ मा सार्वजनिक खरिद अनुगमन कार्यालयमा कालोसुचिमा राख्न सिफारिस समेत गरेको पाईयो । पालिकाले यस खड्ककाली मार्ग कालोपत्रे कार्यको सम्झौता अनुसार बाँकी रहेको काम गर्न रु. १,४१,६८,२११.७६ (पि.एस. र मु.अ.कर समेत) लाग्ने भनी निर्णय गरेको देखिदा कार्यालयको निर्णय अनुसार निज निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुल उपर गर्न सम्बन्धित निकायमा लगत कस्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४१,६८,२११ |

## ६४ नगरपालिकालाई थप व्ययभारः

कार्यालयले निर्माण कार्यको भुक्तानी गर्दा बजेटको सुनिश्चित्ता गरिएको श्रोतबाट मात्र भुक्तानी गर्नु पर्दछ । यस पालिकाले संघीय तथा गण्डकी प्रदेश सरकारबाट समपुरक तथा विषेश अनुदानबाट खर्च व्यहोर्ने गरी खरिद सम्झौता गरेकोमा सम्झौता अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकी म्याद थप गर्दा संघीय सरकार र प्रदेश सरकाले प्रतिवद्धता गरेको रकम खर्च नभई सम्बन्धित कोषमै फिर्ता भएको तथा सडक बोर्डबाट समेत प्रतिवद्धता अनुसार रकम प्राप्त नभएको कारण सम्झौता गरिएका आयोजनाको भुक्तानी गर्न बाँकी रहेको सम्पुर्ण रकमको ५० देखी ८० प्रतिशत रकम पालिकालाई थप व्ययभार परेको पाईयो । पालिकाले निर्माण कार्यको म्याद थप गर्दा सो म्याद थपबाट पालिकालाई पर्ने आर्थिक दायित्व एकिन गरि म्याद थपको निर्णय गर्नु पर्नेमा सो गरेको देखिएन । आर्थिक वर्षको अन्तमा सम्झौता गर्ने र निर्माण व्यवसायीले तोकिएको समयमा निर्माण कार्य नगर्दा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेटमा निर्माण हुने आयोजनाको दायित्व समेत पालिकाले नै व्यहोर्नु परेको देखियो । पालिकाले देहाय अनुसारका निर्माण कार्यको खरिद सम्झौतामा संघ तथा गण्डकी प्रदेश सरकारको समपुरक वा विषेश अनुदान तर्फको बजेट आर्थिक वर्षको अन्तमा फ्रिज भई फिर्ता गए पश्चात पालिकाकै आन्तरिक स्रोतबाट सम्पुर्ण रकम भुक्तानी गरेको हुदा भुक्तानी भएको रकम पालिकालाई थप व्ययभार पारेको रु.

| योजनाको नाम | अनुदानको हिस्सा | कुल भुक्तानी रकम यस आ.व. मा | प्राप्त हुनु पर्ने अनुदानको हिस्सा | अनुदानबाट प्राप्त रकम | पालिकालाई थप व्ययभार परेको |
|---|---|---|---|---|---|
| शहरी सडक वडा नं १,२,३,४,१०,११ र १३ मा कालोपत्रे | सडक बोर्ड (८०%) | ७२४०५९४ | ५०६८४१५.८ | २८५८९०८ | २२०९५०७.८ |
| जम्मा | | ७२४०५९४ | ५०६८४१५.८ | २८५८९०८ | २२०९५०७.८ |

| | |
|---|---|
| अनियमित भएको | २२,०९,५०८ |

## ६५ सोझै खरिदः

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धी तथा पारदर्शी रुपमा खरिद हुनुपर्दछ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले खरिदलाई प्रतिस्पर्धी बनाउन खरिद योजना बनाई प्याकेजिङ गर्न मिल्ने खरिदलाई प्याकेजिङ गर्नुपर्नेमा सो नगरी टुक्रा खरिद गरेको पाइयो। पालिकाले आ.व. २०८१।८२ मा मसलन्द तथा कार्यालय सामग्री,स्टेशनरी सामाग्री,छपाई र पुस्तक पटक पटक सोझै खरिद गरी रु. ४७ लाख ८६ हजार खर्च गरेको पाइयो। सोझै खरिद गरिएका सामग्रीहरुको गुणस्तर र मूल्यमा प्रतिस्पर्धा संकुचित हुन जाने र खरिदको लागत समेत बढ्ने हुनाले माग र आवश्यकताको विश्लेषणको आधारमा वार्षिक खरिद योजना र लागत अनुमान तयार गरी खरिद नियमावली बमोजिम प्रतिस्पर्धी तरिकाले खरिद गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६६ **परामर्श सेवा खरिदः**

पालिकाले यस वर्ष विभिन्न आयोजनाको विस्तृत परियोजना प्रतिवेदन निर्माण सम्बन्धी कार्यमा परामर्श सेवा खरिद गरी निम्नानुसार रु. २० लाख ३८ हजार खर्च गरेको पाइयो।

| सि.नं. | गोश्वारा भौचर/ मिति | परामर्शदाताको नाम | भुक्तानी रु. | प्रयोजन | कार्यान्वयन कैफियत |
|---|---|---|---|---|---|
| १ | ३९४-०८१।०६।१४ | आविष्कार ई. कन्सल्टीङ्ग प्रा.ली. | ३९८९६७ | कलेस्ती झो.पु. सिसाघाट IEE | आय ठेक्का लागेको |
| २ | १६३८-०८२।०१।२२ | बन्दिपुर कन्सल्टेन्सी | ३९७७६० | सेति नदि किनार IEE | आय ठेक्का लागेको |
| ३ | ३९२-०८१।०६।१४ | टिम वेयर सोलुसन प्रा.ली. | ३९८९६७ | व्यास न.पा. - १३ निउरोघारीदेखि ढाडखोला सम्म मादी नदीको IEE | आय ठेक्का लागेको |
